# श्री प्रचण्ड मल्लको जीवनी व्यक्तित्व र कृतित्व

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र


शोधार्थी
**सुशिला ढुंगाना**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ


२०६५

# कृतज्ञताज्ञापन


प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका निमित्त आदरणीय गुरुवर पूर्व सह-प्राध्यापक भिक्टर प्रधानको निर्देशनमा तयार पारेकी हुँ । आफ्नो अत्यन्त व्यस्त जीवनमा पनि मलाई आफ्नो अमूल्य समय, सुझाव, सल्लाह र मार्गनिर्देशनसमेत दिनु भई यस शोधकार्यको लेखनमा अभिप्रेरित गर्नुहुने श्रद्धेय गुरूप्रति र उहाँको अमूल्य सहयोगप्रति हार्दिक आभार एवम् कृतज्ञता प्रकट गर्दछु ।

मेरो शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधकार्यको लागि अवसर प्रदान गरिदिनु हुने नेपाली विभागका विभागीय प्रमुखज्यूप्रति म हार्दिक आभार प्रकट गर्दछु । शोधपत्रको तयारीका क्रममा शोधनायक स्वयम्ले आवश्यक सामग्रीहरू झन्झट नमानी उपलब्ध गराइदिनु भएको छ । यसका लागि शोधनायक तथा उहाँको परिवारप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु ।

मेरो पठनपाठनमा सदैव चिन्तित रहँदै आउनु भएका पूजनीय पिता, स्व.श्री प्रेमराज ढुंगानाको देन मेरो स्मृतिमा सधैँ आलै रहेको छ । अध्ययनका क्रममा एवम् शोधकार्य समापनका लागि आजका दिनसम्म खर्चको व्यवस्था मिलाई उचित सरसल्लाह र निर्देशन दिनुहुने पूजनीय माता हीमा ढुंगाना, काका महेन्द्र ढुंगाना, काकी शुष्मा ढुंगानाप्रति आजीवन ऋणी छु । साथै प्यारा भाइहरू विवेक, प्रदिप, दिपेन, र बहिनी लक्ष्मीलाई, धन्यवाद दिन चाहन्छु । त्यसैगरी प्रस्तुत शोधकार्यमा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्नुहुने राजनकुमार, शशीकलाप्रति आभार प्रकट गर्दछु । शुद्धसँग टंकन गरिदिने नेचर कम्प्युटर सेन्टर, कीर्तिपुर, नयाँबजारलाई आभार प्रकट गर्दछु ।

अन्त्यमा म यस शोधपत्रको मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष पेश गर्दछु ।


मितिः २०६५/४/१४

..........................


सुशिला ढुंगाना

नेपाली केन्द्रीय विभाग


२०६५

## शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, कीर्तिपुरको स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा सुशिला ढुंगानाले **श्री प्रचण्ड मल्लको जीवनी व्यक्तित्व र कृतित्व** शीर्षकको शोधपत्र मेरा निर्देशनमा परिश्रमपूर्वक तयार पार्नुभएको हो । म उहाँको यस शोधकार्यसँग सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०६५/०४/१६

...........................

**पूर्व सह-प्रा. भिक्टर प्रधान**

**शोधनिर्देशक**

**त्रिभुवन विश्वविद्यालय**

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

काठमाडौं ।

**त्रिभुवन विश्वविद्यालय**
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर

**मितिः** २०६५/०४/१६

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्रा सुशिला ढुंगानाले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **श्री प्रचण्ड मल्लको जीवनी व्यक्तित्व र कृतित्व** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. **विभागीय प्रमुख प्रा. राजेन्द्र सुवेदी** (विभागीय प्रमुख) ..................

२. **शोधनिर्देशक पूर्व सह-प्रा. भिक्टर प्रधान** (शोधनिर्देशक) .................

३. **वाह्य परीक्षक** ....................

## विषयसूची

**अध्याय – एक** **१**

**शोधपरिचय** **११**

१.१ शोधशीर्षक ११

१.२ शोधप्रयोजन ११

१.३ विषय परिचय ११

१.४ समस्याकथन १२

१.५ शोधकार्यको उद्देश्य १२

१.६ पूर्वकार्यको समीक्षा १३

१.७ शोधकार्यको औचित्य र महत्व १५

१.८ शोधकार्यको सीमाङ्कन १५

१.९ सामग्रीसंकलन विधि १६

१.१० शोधविधि १६

१.११ शोधपत्रको रूपरेखा १६

**परिच्छेद – दुई** **१७**

**प्रचण्ड मल्लको जीवनी** **१७**

२.१ जन्म र जन्मस्थान १७

२.२ नामकरण १७

२.३ वंशपरम्परा र गोत्र १८

२.४ बाल्यकाल १८

२.५ शिक्षादीक्षा १९

२.६ विवाह र सन्तान २१

२.७ जागिरे जीवन २१

२.८ आर्थिक अवस्था २२

२.९ रुचि तथा स्वभाव २२
२.१० पुरस्कार र सम्मान २३
२.११ लेखनकार्य र प्रकाशित पुस्तककार कृतिको सूची २३
२.१२ प्रकाशोन्मूख अवस्थामा रहेका कृतिको सूची २३
२.१३ प्रकाशनका लागि तयार रहेका केही पाण्डुलिपिहरूको सूची २४
२.१४ साहित्यिक लेखन, मान्यता र संलग्न २४
२.१५ जीवनदर्शन २५

**परिच्छेद – तीन २६**

**प्रचण्ड मल्लको व्यक्तित्वका विभिन्न पाटा २६**

३.१ शारीरिक व्यक्तित्व २६
३.२. नाटक निर्देशक व्यक्तित्व २६
३.३ रङ्गमञ्च सज्जा व्यक्तित्व ३०
३.४ नाटककार व्यक्तित्व ३१
३.५ लेखक व्यक्तित्व ३२
३.६ अनुवादक व्यक्तित्व ३३
३.७ सामाजिक र साङ्गठनिक व्यक्तित्व ३४

**अध्याय – चार ३५**

**प्रचण्ड मल्लका कृतिहरूको विश्लेषण ३५**

४.१ पृष्ठभूमि ३५
४.२ एकाङ्कीको स्वरूप ३५
४.३ एकाङ्कीको परिभाषा ३६
४.४ एकाङ्कीका तत्व ३७
४.५ तिलङ्गा एकाङ्की सङ्ग्रहहरूको विश्लेषण ४१

| | |
|---|---|
| ४.५.१ राजेन्द्रलक्ष्मी एकाङ्कीको विश्लेषण | ४२ |
| ४.५.१.१ कथानक | ४२ |
| ४.५.१.२ पात्र | ४३ |
| ४.५.१.३ संवाद | ४५ |
| ४.५.१.४ द्वन्द्व | ४५ |
| ४.५.१.५ देशकाल वातावरण | ४६ |
| ४.५.१.६ भाषाशैली | ४६ |
| ४.५.१.७ उद्देश्य | ४६ |
| ४.५.१.८ अभिनेयता | ४७ |
| ४.५.२ एकीकरणको पहिलो अभियान एकाङ्कीको अध्ययन | ४७ |
| ४.५.२.१ कथानक | ४७ |
| ४.५.२.२ पात्र | ४८ |
| ४.५.२.३ संवाद | ४९ |
| ४.५.२.४ द्वन्द्व | ५० |
| ४.५.२.५ देशकाल वातावरण | ५० |
| ४.५.२.६ भाषाशैली | ५१ |
| ४.५.२.७ उद्देश्य | ५१ |
| ४.५.२.८ अभिनेयता | ५१ |
| ४.५.३ तिलङ्गा एकाङ्कीको विश्लेषण | ५१ |
| ४.५.३.१ कथानक | ५१ |
| ४.५.३.२ पात्र | ५३ |
| ४.५.३.३ संवाद | ५४ |
| ४.५.३.४ द्वन्द्व | ५४ |
| ४.५.३.५ देशकाल, वातावरण | ५५ |
| ४.५.३.६ भाषाशैली | ५५ |
| ४.५.३.७ उद्देश्य | ५५ |

४.५.३.८ अभिनेयता ५५
४.५.४ नालापानी दुर्ग एकाङ्कीको विश्लेषण ५६
४.५.४.१ कथावस्तु ५६
४.५.४.२ पात्र ५७
४.५.४.३ संवाद ५८
४.५.४.४ द्वन्द्व ५८
४.५.४.५ देशकाल वातावरण ५९
४.५.४.६ भाषाशैली ५९
४.५.४.७ उद्देश्य ५९
४.५.४.८ अभिनेयता ६०
४.५.६ परिबन्द एकाङ्कीको विश्लेषण ६०
४.५.६.१ कथानक ६०
४.५.६.२ पात्र ६१
४.५.६.३ संवाद ६४
४.५.६.४ द्वन्द्व ६५
४.५.६.५ देशकाल, वातावरण ६६
४.५.६.६ भाषाशैली ६६
४.५.६.७ उद्देश्य ६६
४.५.६.८ अभिनेयता ६७
४.६ नेपाली रङ्गमञ्च भित्रका लेखहरूको अध्ययन ६७
४.६.१ नाट्यकलाको प्रादुर्भावको अध्ययन ६८
४.६.२ रङ्गमञ्चीय कलाको विकास ६९
४.६.३ लिच्छविकालको अध्ययन ७०
४.६.४ मल्ल कालको अध्ययन ७१
४.६.४.१ भक्तपुरको अध्ययन ७२
४.६.४.२ काठमाडौंको अध्ययन ७३

४.६.४.३ पाटनको अध्ययन ७४
४.६.५ शाहकालको अध्ययन ७५
४.६.५.१ नाटककार मोतीराम भट्ट तथा अरु नाटककारहरूको अध्ययन ७७
४.६.५.२ नाटककार श्री लेखनाथ पौड्यालको अध्ययन ७८
४.६.५.३ श्री बालकृष्ण समको अध्ययन ७८
४.२.५.४ नाटक-निर्देशक श्री सम ८०
४.२.५.५ अभिनेता श्री रत्नदास प्रकाश ८१
४.२.५.६ स्वर्गीय श्री ५ महेन्द्रका शासनकालमा नाट्यकलाको विकास ८३

**परिच्छेद - पाँच** **८६**

**शोध निष्कर्ष** **८६**

५.१ जीवनी सम्बन्धी निष्कर्ष ८६
५.२ व्यक्तित्व सम्बन्धी निष्कर्ष ८७
५.३ कृतित्व सम्बन्धी निष्कर्ष ८७

**सन्दर्भग्रन्थ सूची** **८०**

# सङ्क्षेपीकृत सूची

| | |
|---|---|
| एस.एल.सी. | - स्कुल लिभिङ् सर्टिफिकेट |
| आई.कम. | - इन्टरमिडिएट आफ् कमर्स |
| गा.वि.स. | - गाउँ विकास समिति |
| डा. | -डाक्टर |
| नं. | - नम्बर |
| प्रा.वि. | - प्राथमिक विद्यालय |
| पृ. | -पृष्ठ |
| वि.सं. | - विक्रम संवत् |
| *त्रि.वि.* | *-त्रिभुवन विश्वविद्यालय* |

## अध्याय – एक

# शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "प्रचण्ड मल्लको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह नेपाली विषयको दोस्रो वर्षको दसौं पत्रको प्रयोजनको लागि तयार गरिएको छ ।

### १.३ विषय परिचय

नेपाली साहित्यको नाटक विधामा कलम चलाउने प्रचण्ड मल्ल (१९९६, आषाढ) नेपाली नाट्यजगतका एक विशिष्ट व्यक्तित्व हुन् । नाट्यसम्राट बालकृष्ण समको निर्देशनमा नाट्कहरूको अभिनय गर्न थालेका प्रचण्ड मल्ल वि.सं. २००९ सालदेखि नाट्यकला क्षेत्रमा प्रवेश र २०१८ साल फागुन १ गते 'नृत्याभिनय' शीर्षक लेख गोरखापत्रमा प्रकाशित गरी नेपाली साहित्यमा लेखन प्रारम्भ गरे "नेपाली रङ्गमञ्च" (खोजपूर्ण २०३७), तिलङ्गा (ऐतिहासिक एकाङ्की सङ्ग्रह, २०४५), तथागत (पूर्णाङ्की, नाटक, २०६१), पुस्तकाकार रूपमा प्रकाशित छन भने उनका बगर (बर्ष १९, पूर्णाङ्क ६३ भदौ-मङ्सिर, २०५७) मा मनोवेदना एकाङ्की प्रकाशित छ । विभिन्न पत्र-पत्रिकामा यिनका लेखहरू पनि प्रकाशित भएका छन् । नेपाली साहित्यको नाटक विधामार्फत उनले राष्ट्रप्रेमलाई व्यक्त गरेका छन् । ऐतिहासिक नाटक लेख्ने नाटककार प्रचण्ड मल्लको नाटकहरूले तत्कालीन शाहकालीन परिवेश र राज्य व्यवस्थाको चित्रण गरेका छन् । नेपाली नाट्य जगतका

अभिनय र लेखन दुवै विधाका सशक्त हस्ती प्रचण्ड मल्लका एकाङ्कीहरूमा देशभक्तिका साथै मनोविश्लेषण समेत पाइन्छ । तिलङ्गा एकाङ्की सङ्ग्रहमा नेपालका वीर राजपुरुष तथा लडाकु योद्धाहरूको वर्णन पाइन्छ ।

## १.४ समस्याकथन

नाटक विधाका प्रतिभा प्रचण्ड मल्लका जीवनी व्यक्तित्व र कृतित्वको केन्द्रीयतामा रही यस शोधपत्रमा उनका निम्नलिखित समस्याहरू उठाइएको छ ।

क) प्रचण्ड मल्लको जीवन के-कस्तो रहेको छ ?

ख) उनको व्यक्तित्व के-कस्तो रहेको छ ?

ग) उनको साहित्यिक यात्रा के-कस्तो छ ?

घ) उनका प्रमुख साहित्यिक कृतिहरू के-कस्ता रहेका छन् ?

ङ) नेपाली साहित्यमा उनको योगदान कस्तो रहेको छ ?

## १.५ शोधकार्यको उद्देश्य

साहित्यकार प्रचण्ड मल्लको जीवनी र व्यक्तित्वका विभिन्न पाटा, साहित्यिक यात्रा र प्रवृत्तिको मूल्याङ्कनका उद्देश्यअनुसार व्यवस्थित अनुसन्धान गर्नु नै यस शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

क) प्रचण्ड मल्लको जीवनका विभिन्न पाटाहरू केलाउनु ।

ख) उनको व्यक्तित्वको विविध पाटाहरू केलाउनु ।

ग) उनको साहित्यिक यात्राको अध्ययन गर्नु ।

घ) उनका प्रमुख साहित्यिक कृतिहरूको सङ्क्षिप्त विश्लेषण गर्नु ।

ङ) नेपाली साहित्यमा उनको योगदानको निरूपण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

साहित्यकार प्रचण्ड मल्लले नेपाली साहित्यका विविध विधामा कलम चलाएका छन् । उनका बारेमा कतिपय लेखकहरूको सामान्य चर्चा गरेको पाइए तापनि यस सम्बन्धमा समग्र अध्ययन भएको छैन । विस्तृत रूपमा यिनका भएका कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी साहित्यिक मूल्य निर्धारण गर्ने काम पनि हुन सकेको छैन । यिनका बारेमा हालसम्म जे जति अध्ययन भएको छ, सो अध्ययन केवल परिचयात्मक एवम् जानकारीमूलक मात्र भएका छन् । यहाँ ती अध्ययनको कालक्रमिक रूपमा समीक्षात्मक प्रस्तुति गरिएको छ ।

क) नाट्यसम्राट बालकृष्ण सम (२०३६) ले **नेपाली रङ्गमञ्च** भन्ने खोजपूर्ण पुस्तकमा श्री प्रचण्ड मल्लज्यूले लेख्नुभएको 'नेपाली रङ्गमञ्च' मैले ध्यानसित पढें । यस विषयको पुस्तक हाम्रो भाषामा लेखिएको छैन यो एक मौलिक तथा उत्तम ग्रन्थ हो भनी चर्चा गरेका छन् ।

ख) राष्ट्रकवि माधवप्रसाद घिमिरे (२०३६) ले **नेपाली रङ्गमञ्च** भन्ने कृतिमा नेपाली नाटकको सफल निर्देशक गर्ने व्यक्तित्वका सधै अनुभवी नाटककारको यो पुस्तक मन्चन कलाका जिज्ञासुहरूका निम्ति उपयोगी सिद्ध हुनेछ भनी समीक्षा गरेको पाइन्छ ।

ग) विजयबहादुर मल्ल (२०४५) ले **तिलङ्गा एकाङ्की** सङ्ग्रहको मन्तव्यमा पत्रपत्रिकाहरूमा नाट्यकला सम्बन्धित लेखहरूका सधैं नेपाली रङ्गमञ्च नामक नेपाली नाट्यकलाको सङ्क्षिप्त इतिहास प्रकाशमा ल्याए । रङ्गमञ्च र नाटक निर्देशनमा २०२० सालदेखि उनी नाटक निर्देशनमा नवीन ग्रेड ल्याए भनेका छन् ।

घ) ढुण्डिराज भण्डारी (२०४५) ले **तिलङ्गा ऐतिहासिक नाटक** सङ्ग्रहमा आजका युवा पिढीलाई राष्ट्रिय हित नै सर्वोपरी मानेर राष्ट्रिय जागरणका यज्ञमा मनसा -वाचा-कर्ममा समर्पित हुन प्रेरणा दिएका छन् । नेपाली साहित्यको इतिहासमा नै आशावादी भएका र १८० वटा भन्दा बढि नाटक दिर्नेशन गर्ने प्रतिभाशाली व्यक्ति हुन् भनेर चर्चा गरेको पाइन्छ ।

ज) **अविरल पत्रिका** (**२०५८, मंसिर**) मा लिइएको अन्तर्वार्तामा उनलाई जुनसुकै वादलाई अंगाली लेख्ने समाजमा रहेका सबैले बुझ्ने र नेपालको रङ्गमञ्च तथा नाट्यकला सम्बन्धी लेखन, अभिनय गर्ने व्यक्तित्व हुन भनेर चिनाएको पाइन्छ ।

ट) **गोरखा शैनिक आवाज पत्रिका** (**२०५९, वर्ष ११, अंक,** ४) मा प्रचण्ड मल्ललाई बालकृष्ण समका चेला र प्रथम तथा अन्तिम नेपाली नाट्य निर्देशक प्रशिक्षार्थीको रूपमा २०२३ सालमा सोभियत संघको मस्कोको 'स्वेत इन्स्टिच्यूट अफ थिएटर आर्ट' मा नाटक निर्देशन सम्बन्धी तीन वर्षे तालिम प्राप्त गर्ने व्यक्ति हुन् भनी समीक्षा गरेको पाइन्छ ।

ठ) **कामना पत्रिका** (२०६०) मा छपक्कै इतिहास भन्ने लेखमा प्रचण्ड मल्ललाई सय वर्ष पुरानो नेपालको इतिहास पर्काउने काम 'पृथ्वीनारायण शाह' नामक टेलिशृङ्खलाका लेखक तथा परिकल्पनाकार हुन् भनी परिचय दिएको पाइन्छ ।

ड) **हिमाल** (**२०६०, वर्ष १३, अंक २१**) मा दीपक विहानीले प्रचण्ड मल्ललाई यो शाहवंशको इतिहास मात्र होइन, नेपाली राष्ट्रिय एकताको गौरवपूर्ण दस्तावेज पनि देखाउन सक्ने व्यक्तिका रूपमा लिएका छन् ।

ढ) **नेपथ्य** (**२०६२**) मा श्री ओम श्रेष्ठ 'रोदन' ले उहाँको जीवन जसरी नाटकमय बनेको छ यसरी नै नाटकको लागि उहाँ हुनैपर्छ । उहाँको शरीरको आवश्यकता मात्र होइन उहाँको नाम मात्र धोपिदिने भने पनि नाटक इतिहासदेखि

वर्तमानसम्म अपाङ्ग हुन्छ भनी एक उत्कृष्ट सर्जकका रूपमा चित्रण गरेका छन् ।

ण) **सगरमाथा एफ.एम.** (२०६३) मा दीपकराज पाण्डेले लिएको अन्तर्वार्तामा प्रचण्ड मल्ल नेपाली नाटक जगतका विशिष्ट प्रतिमा भएका तथा बालकृष्ण समसँगको साहित्यमा नाटक सिकेका व्यक्ति हुन् भनी जानकारी दिइएको छ ।

यसरी विभिन्न विद्वान् तथा समीक्षकहरूले प्रचण्ड मल्लको कृतिका बारेमा समीक्षा गरे तापनि समग्र जीवनी, व्यक्तित्व र कृतित्वको सम्बन्धमा समीक्षा भने भएको देखिँदैन तसर्थ प्रस्तुत शोधप्रबन्धमा यी सबै तथ्यलाई उठाई अध्ययन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य र महत्व

नेपाली साहित्य क्षेत्रमा प्रचण्ड मल्लको योगदान उल्लेख भएकाले उनका बारेमा अध्ययन अनुसन्धान गरेर तथ्य कुरा प्रकाशमा ल्याइने हुँदा उनका बारेमा जान्न चाहने जो सुकैका लागि प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहनेछ । उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा जानकारी राख्न चाहने व्यक्तिहरूका लागि प्रस्तुत शोधपत्र निकै उपयोगी र महत्वपूर्ण हुने कुरामा कुनै सन्देह छैन ।

## १.८ शोधकार्यको सीमाङ्कन

"प्रचण्ड मल्लको जीवनी व्यक्तित्व र कृतित्व" का लागि उनको जन्मदेखि २०६३ वैशाख सम्मको समयावधिलाई सीमाङ्कन गरिएको छ । वि.सं. २०३६ सालमा प्रकाशित प्रथम खोजपूर्ण कृति नेपाली रङ्गमञ्च देखि २०६३ वैशाखसम्म प्रकाशित विभिन्न रचनाहरूको अध्ययन, वर्गीकरण तथा विश्लेषणको कार्यमात्र गरिएको छ । प्रचण्ड मल्लको यही अवधिको जीवनी र व्यक्तित्वका विविध पक्षहरू र यसै

अवधिमा प्रकाशित नेपाली रङ्गमञ्च (खोजपूर्ण) र नाटकहरूको मात्र विवेचना गरिएको छ ।

## १.९ सामग्रीसंकलन विधि

यस शोधपत्रका लागि आवश्यक सामग्रीको सङ्कलन मूलतः पुस्तकालयीय अध्ययन पद्धतिको आधारमा गरिएको छ । यसका साथै शोधनायकसँग प्रत्यक्ष भेटघाट गरी तथा उनका आफन्त नातेदारहरूसँग शोधपुछ गरी सामग्री संकलन गरिएको छ । यसैक्रममा आवश्यकताअनुसार सम्बद्ध क्षेत्रका विभिन्न विद्वान्, प्राध्यापक र समालोचकसँग पनि आवश्यक जानकारी लिइएको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधपत्रमा जीवनीपरक, प्रभावपरक, कृतिपरक आदि विभिन्न समालोचकीय पद्धतिको यथोचित प्रयोग गरी शोधकार्य सम्पन्न गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित र सङ्गठित रूपमा प्रस्तुत गर्नका लागि यसलाई निम्नलिखित परिच्छेदहरूमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : प्रचण्ड मल्लको जीवनीको अध्ययन

तेस्रो परिच्छेद : प्रचण्ड मल्लको व्यक्तित्वको अध्ययन

चौथो परिच्छेद : प्रचण्ड मल्लको कृतिहरूको विवेचना

पाँचौ परिच्छेद : उपसंहार

उपर्युक्त पाँच परिच्छेदमा विभाजित यस शोधपत्रको अन्त्यमा सन्दर्भग्रन्थसूची र परिशिष्ट प्रस्तुत गरिएको छ ।

# परिच्छेद – दुई
# प्रचण्ड मल्लको जीवनी

## २.१ जन्म र जन्मस्थान

प्रचण्ड मल्लको जन्म वि.सं. १९९६ साल आषाढको भएको हो । उनको जन्मस्थान नारायणी अञ्चल, बारा जिल्लाको कलैया वरेवामा भएको हो ।[१] प्रचण्ड मल्ल दिव्यमान मल्लका नाति र झलकमाल मल्ल तथा वेटीमाया मल्लका कान्छा सन्तान हुन् ।[२]

## २.२ नामकरण

प्रचण्ड मल्लको चिह्नाको नाम प्रचण्डमान मल्ल हो । उनका बाबु झलकमान मल्लले उनलाई बाघको बच्चाको जस्तो सानो कम्मर भएकाले डमरु भनेर बोलाउने गर्दथे ।[३] बालकृष्ण समको नाट्यमण्डलीमा समावेश भएर दार्जीलिङ पुगेका बेला बालकृष्ण समकी पत्नी मन्दाकिनी समले प्रचण्डराज भनी बोलाउन थालेपछि आफ्नो नाममा जोडिएका मान र राज शब्दलाई यिनले फालेका हुन् ।[४] शैक्षिक प्रमाणपत्रहरू तथा नागरिकतामा प्रचण्ड मल्ल नै लेखियो यसरी प्रचण्डमान र प्रचण्डराजबाट उनको नाम प्रचण्ड हुन पुग्यो । हाल उनी यही नामबाट नेपाली वाङ्मयका क्षेत्रमा परिचित छन् ।

---

१ शोधनायक दाजु सुरेन्द्र मल्लबाट प्राप्त जानकारी ।


२ ऐजन ।

३ शोधनायकबाट प्राप्त जानकारी ।

४ ऐजन ।

## २.३ वंशपरम्परा र गोत्र

प्रचण्ड मल्लको गोत्र मानव हो । यिनका पूर्खाहरू धेरै पहिलेदेखि काठमाडौँको ब्रम्हटोलमा बस्दै आएको पाइन्छ । यिनको वंशपरम्परा यसप्रकार रहेको पाइन्छ ।




## २.४ बाल्यकाल

प्रचण्ड मल्लको बाल्यकाल सङ्घर्षपूर्ण देखिन्छ । डेढ वर्षको उमेरमा आमा वेटीमाया मल्लको मृत्यु भएपछि उनी आमाको न्यानो मायाबाट बञ्चित हुन पुगेका थिए । उनलाई आफू ६, ७ वर्षको हुँदा देखि आमाको अभाव महशुस भएको थियो । यसैले उनी एकोहोरिने एकान्तमा बस्ने, जिद्धी गर्ने गर्दथे । उनलाई आमाको मृत्युले

जीवन सङ्घर्षपूर्ण र जटिल हुँदो रहेछ भन्ने लागेको थियो । [५] आफ्नो बच्चा स्याहार गर्ने कोही नभएको र घरधन्दा गर्न अप्ठ्यारो परेको हुनाले वि.सं. २००० मा उनका बुबाले बेदकुमारी मल्लसँग दोस्रो विवाह गरे । त्यसपछि उनले सानीआमाको संसारमा बस्नुपर्ने भयो । उनका बुबाले दोस्रो विवाह गरेपछि उनी वि.सं. २००२ सालसम्म भारतको रामनगरमा उनका बाबुसँग बसेका थिए । वि.सं. २००२ सालमा प्रचण्ड पुनः बाबुसँग काठमाडौं आए । जुद्ध नहरका निम्ति खरिदार पदमा नियुक्त पितासँगै उनी तत्कालै कलैया गए । वि.सं. २००३ सालमा चौध आना विष र दुई आना पानी मिसिएको भनिने मनुस्मारा नदीमा पौडी खेल्न आफ्ना बुबासँग जाँदा यो नदीको पानी खाएर अत्यन्तै बिरामी परेका थिए ।[६] यसको असर पछिसम्म पनि रहेको थियो । यसरी उनी बिरामी भइरहने भएकाले बुबा र दाजुहरूले उनलाई अत्यन्तै माया गर्दथे ।

## २.५ शिक्षादीक्षा

प्रचण्ड मल्लका हजुरबुबा सचेत व्यक्तित्व थिए । उनी माल अड्डाका सुब्बा भएका कारण शिक्षालाई अति नै महत्व दिन्थे । उनका बुबा पनि शिक्षा प्रति निकै झुकाव राख्ने व्यक्ति थिए । यसैले प्रचण्ड मल्लको शिक्षा आरम्भ पनि बुबाबाट नै भएको थियो । बुबावाट साधारण अक्षर ज्ञान प्राप्त गरेपछि उनले विरगञ्जको त्रिजुद्ध हाइस्कुलमा कक्षा ६ सम्म अध्ययन गरे । [७] उनका बुबा सरुवा भई काठमाडौं आए । उनी पनि बुबासँगै ब्रम्हटोलमा बस्न थाले । वि.सं. २००८ सालमा शान्ति निकुञ्ज हाइस्कूलमा उनलाई कक्षा सातमा भर्ना गरियो । उनी पढ्नमा भन्दा कक्षाकोठामा साथीहरूसँग बसेर हिन्दी गीत गुनगुनाउन रुचाउथे र फ्याङ्ले तालले हिड्थे । [८]

५ शोधनायकबाट प्राप्त लिखित जानकारी अनुसार ।

६ ऐजन ।

७ शोधनायकका दाजु सुरेन्द्र मल्लबाट प्राप्त जानकारी अनुसार ।

८ ऐजन ।

प्रचण्ड बिग्रनु घरका निम्ति लाजमर्दो भएको थियो । प्रचण्ड बिरामी भइराख्ने हुनाले बदमासी गर्दा पनि उनलाई खासै गाली नगरी बुबा, दाजुहरूले सम्झाउने मात्र गर्दथे । प्रचण्ड मल्लको बुबा र दाजुहरूको सम्पर्क नाटककार बालकृष्ण समको परिवारसँगै थियो । त्यस परिवारसित चिनजान अगाडि देखिनै रहेको थियो । वि.सं. २००९ सालमा उनका दाजु सुरेन्द्र मल्लले बालकृष्ण समसँगै "मेरो भाइ मीठो स्वरको धनी छ । नृत्य नाटकमा अभिरुचि राख्छ, यसले पढेर खाला जस्तो लागेन, नाटकमा राखेर केही काम दिनुभए हुन्थ्यो कि !" भनी अनुनयविनय गरेर दुखेसो बिसाएपछि देखि नै उनी बालकृष्णसमको नाट्यमण्डलीमा समावेश हुन पाएका थिए ।[९] उनले बालकृष्ण समको सानिध्यमा रहेर नाट्यकला सम्बन्धी विभिन्न कुराहरू सिक्न पाए । वि.सं. २००९ सालको यही घटना यिनका निम्ति जीवन यात्राको नौलो खुड्किलो बन्न पुगेको पाइन्छ ।

वि.सं. २०१६ सालमा उनले शान्ति निकुञ्ज हाइस्कूलबाट एस्.एल्.सी. उत्तीर्ण गरे । वि.सं. २०१९ सालमा आर्य.कम पढ्न त्रि-चन्द्रमा भर्ना भए । तर पढाइप्रति उनको खासै अभिरुचि नभएको हुनाले उनले यो पूरा गर्न सकेनन् । वि.सं. २०२१ सालतिर नाटककार बालकृष्ण सम नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा सदस्यका रूपमा सक्रिय रहेका बेलामा समकै सहयोगमा तत्कालीन सोभियत संघबाट रङ्गमञ्च व्यवस्थापनका निम्ति छात्रवृत्ति पाएका थिए ।[१०] यसरी उनले वि.सं. २०२३ सालेखि वि.सं. २०२६ सालसम्म तत्कालीन सोभियत संघमा नाटक निर्देशन तालिम लिने अवसर पाए तापनि उनका बुबा सिकिस्त भएको सन्देश पाउने वित्तिकै उनी बीचमै अध्ययन छाडेर नेपाल आए । केही दिनमै बुबा बितेका हुँदा बाँकी रहेको अध्ययन पूरा गर्ने अवसर पाएनन् ।[११]

---

९ प्रचण्ड मल्लका दाजु फणिन्द्र मल्लका अनुसार ।

१० प्रचण्ड मल्लबाट प्राप्त लिखित जानकारी अनुसार ।

११ ऐजन ।

## २.६ विवाह र सन्तान

प्रचण्ड मल्लको विवाह २६ वर्षको उमेरमा वि.सं. २०२१ सालमा स्नेहलता राउत क्षेत्रीसँग भएको थियो । दुवैजना सँगै पढ्ने साथी थिए र प्रेमविवाह भयो । प्रचण्डको दाम्पत्य जीवन सुखपूर्ण नै रेको छ ।[१२] प्रचण्ड मल्लको एक छोरीमात्र छिन् उनी भि.एस.निकेतन स्कुल, सानोठिमी, भक्तपुर शाखामा सहायक इन्चार्ज छिन् । छोरीको विवाह भए तापनि सम्बन्ध विच्छेद भएकाले उनी माइतीमा नै बस्दै आएकी छिन् । स्नेहलताले सुस्तमनस्थिति कल्याण संस्थामा सहायक प्रिन्सिपलसम्म भएर काम गरेकी भए तापनि हाल उनी घर गृहस्थी मै व्यस्त छिन् ।[१३]

## २.७ जागिरे जीवन

प्रचण्ड मल्ल मुख्यतया नाटक निर्देशक व्यक्ति हुन् । तापनि विभिन्न क्षेत्रमा उनले काम गर्दै आएको पाइन्छ । उनले वि.सं. २०२१ सालमा तत्कालीन ऱ्वयल नेपाल एकेडेमी (हाल नेपाल प्रज्ञा प्रतिष्ठानको नाट्य-सङ्गीत विभागमा नाट्य सङ्गीत प्राविधिककोरूपमा प्रवेश गरेदेखि जागिरे जीवन शुरु गरेको पाइन्छ ।[१४] वि.सं. २०२६ सालमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको सङ्गीत नाट्य विभागमा नाटक तथा रङ्गमञ्च प्रबन्धक पदमा वि.सं. २०३० सालदेखि वि.सं. २०५३ सालसम्म रहेको पाइन्छ ।[१५] यसरी उनको जागिरे जीवन नाटक र रङ्गमञ्चसँगै सम्बन्धित रहेको पाइन्छ । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान सङ्गीत नाट्य विभागको व्यवस्थापकमा वि.सं. २०५६ श्रावण १ देखि वि.सं. २०५९ पौष मसान्तसम्म काम गरेको पाइन्छ । यसपछि उनी उमेरको कारण निवृत्त भएको पाइन्छ ।

---

१२ प्रचण्ड मल्लकी पत्नी स्नेहलता राउतबाट प्राप्त जानकारी अनुसार ।

१३ ऐजन ।

१४ शोधनायकका दाजु गजेन्द्रमान मल्लबाट प्राप्त जानकारी अनुसार ।

१५प्रचण्ड मल्लबाट लिखित जानकारी अनुसार ।

## २.८ आर्थिक अवस्था

प्रचण्ड मल्ल मध्यमवर्गीय परिवारमा हुर्केका व्यक्ति हुन् । कलैया वरेवामा उनको बुबाको समयमा प्रशस्त जग्गा थियो । उनको बुबाले तराईको सम्पूर्ण जग्गा सस्तो मूल्यमा बेचेका थिए । उनका बुबा सरकारी जागिरे भएकाले उनलाई बाल्यकालमा आर्थिक पक्षले सताएको थिएन । उनले २५ वर्षकै उमेरदेखि नोकरीमा लागेका थिए । उनले उच्च पदसम्मको वर्गीय जीवन यापनको स्रोत उनलाई जुटेको पाइन्छ । उनको काठमाडौँको मीन भवनमा दुई तले घर र घरले चर्चेको जग्गा साथै भक्तपुरको डल्लुमा पनि र घरले चर्चेको जग्गा छ ।[१६]

## २.९ रुचि तथा स्वभाव

प्रचण्ड मल्लले अध्ययन लेखनका साथै समाजसेवामा पनि रुचि राखेको पाइन्छ । उनी आफ्नो मनमा लागेका कुरा निर्धक्कसँग भन्ने, लेख्ने गर्दछन् । अध्ययन र जीवन भोगाइबाट सिकेका कुरा उनले लेख्ने गर्दछन् । समाजलाई शिष्ट र उन्नत गराउने अभिलाषा उनको रहेको पाइन्छ । दाल, भात, तरकारी, गुन्द्रुक, खुवा प्रचण्डका मन पर्ने खाना हुन् ।[१७] विहान सवेरै उठेर नुहाइधुवाइ गरी चियाचमेना आफै तयार पारेर छोरी र पत्नीलाई ओछ्यानमै लगिदिन्छन् ।[१८] सधैँजसो उनले दौरा, सुरुवाल, कोट र कालोटोपी लगाएको पाइन्छ ।[१९]

---

१६ शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

१७ ऐजन ।

१८ केशव खनाल, छलफल (२०५९, वर्ष २१, अंक २५) ।

१९ ऐजन ।

## २.१० पुरस्कार र सम्मान

प्रचण्ड मल्ल विभिन्न पुरस्कार मानसम्मान आदिबाट विभूषित छन् । वीरेन्द्र शुभराज्यभिषेक पदक, प्रवल गोरखा दक्षिणबाहु सार्क शिखर पदक, प्रख्यात त्रिशक्तिपट्ट (२०५३) गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), वीरेन्द्र ऐश्वर्य सेवा पदक (२०५८), आरोहण सम्मान पुरस्कार (२०४७), इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार (२०४८), सर्वनाम सम्मान (२०४८), बालकृष्ण सम सम्मान र बालकृष्ण सम फाउन्डेसन (२०५८) जस्ता पुरस्कारहरूबाट प्रचण्ड सम्मानित छन् । [२०]

## २.११ लेखनकार्य र प्रकाशित पुस्तकाकार कृतिको सूची

प्रचण्ड मल्लको लेखनकार्यको प्रारम्भ वि.सं. २०११ सालदेखि भए तापनि प्रकाशित रचनाको आधारमा उनको लेखनको सुरुवात वि.सं. २०१८ बाट भएको हो । फुटकर रूपमा उनका विविध रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । उनको प्रथम पुस्तककार कृतिको प्रकाशन भने वि.सं. २०३६ सालमा भएको हो । उनका आजसम्म प्रकाशित पुस्तककार कृतिहरू यसप्रकार छन् :

१. नेपाली रङ्गमञ्च (खोजपूर्ण रचना, २०३७)

२. तिलङ्गा (ऐतिहासिक लघुनाटक-सङ्ग्रह, २०४५)

३. 'तथागत' सिद्धार्थ गौतमको जीवनीमा आधारित (पूणाङ्की नाटक, २०६१)

## २.१२ प्रकाशोन्मुख अवस्थामा रहेका कृतिको सूची

प्रचण्ड मल्लका प्रकाशोन्मुख अवस्थामा रहेका कृतिहरूको सूची यसप्रकार छ :

१. कान्तिपुरको रङ्गमञ्चीय इतिहास (संक्षिप्त विवरण)

---

२० शोधनायबाट प्राप्त जानकारी अनुसार ।

२. इतिहासको सेरोफेरोमा नेपाली सङ्गीत

३. बालकृष्ण शमशेर (पूर्णाङ्की नाटक)

## २.१३ प्रकाशनका लागि तयार रहेका केही पाण्डुलिपिहरूको सूची

प्रकाशनका लागि तयार रहेका केही पाण्डुलिपिहरूको सूची यसप्रकार छ :

१. महाराज पृथ्वीनारायण शाह (ऐतिहासिक पूर्णाङ्की नाटक)

३. भरत मिलाप (पौराणिक, पूर्णाङ्की नाटक)

४.शुरप्रभा (ऐतिहासिक पूर्णाङ्की नाटक)

५. अपराध (सामाजिक पूर्णाङ्की नाटक)

६. कान्तिपुरमा उपत्यकाको मुकुण्डो नाँच (मुकुण्डो र भेषभूषासम्बन्धी खोजपूर्ण प्रस्तुति)

७. स्टेज फ्रैफ्ट (रङ्गमञ्च सम्बन्धी)

## २.१४ साहित्यिक लेखन, मान्यता र संलग्न

प्रचण्ड मल्ल साहित्यकार व्यक्ति पनि हुन् । साहित्यले समाजको परिवर्तन गर्न सक्दछ भन्ने दृष्टिले प्रचण्ड मल्लले नाटक विद्यामा कलम चलाएका छन् । अभिनय र रङ्गमञ्च सम्बन्धी काम गरेका कारण यिनको विशिष्ट साहित्यकारहरूसँग सम्पर्क रहेको पाइन्छ । यिनको बालकृष्ण सम, विजयबहादुर मल्ल, जनार्दन सम, अशेष मल्ल, सत्यमोहन जोशी, माधवप्रसाथ घिमिरेसँग राम्रो हेलमेल रहेको पाइन्छ ।[२१] यसबाट यिनलाई साहित्य लेख्ने प्रेरणा मिलेको छ । साहित्य शिष्ट र उपदेशात्मक हुनुपर्दछ भन्ने उनको विचार रहेको छ । साहित्य

२१ प्रचण्ड मल्लबाट प्राप्त जानकारी अनुसार ।

समाजको बिम्ब हो जसले मानवलाई मानवीय आचरण सिकाउँछ भन्ने भावना प्रचण्ड मल्ल राख्दैछन् ।[२२]

## २.१५ जीवनदर्शन

प्रचण्ड मल्ल कर्मवादी व्यक्ति हुन् । समाजको सेवा गर्नु नै मानवजीवनको सार हो भन्ने दृष्टिकोण उनमा पाइन्छ । आफ्नो देश जन्मदिने आमा सरह हुन्छ भन्ने भाव भएकाले प्रचण्ड देशको उन्नतिमा अभिप्रेरित भएको पाइन्छ । मानवमा शिष्टता, नम्रता, इमान्दारिता, कर्तव्यपरायणता नभएमा पशुसरह हुन्छ भन्ने धारणा उनमा छ । उनी नाटक जीवनको अभिन्न अङ्ग हो । मानिसले जन्मेदेखि मृत्युशैयामा पुगेसम्म अभिनय गरिरहेको हुन्छ भन्ने सोँच राख्छन् ।[२३] उनको शिष्टपूर्ण र मिलनसार व्यवहारबाट प्रभावित भएका मल्लका साथीहरूले उनलाई मृदूभाषी प्रचण्ड भनेर बोलाउने गर्दथे । प्रचण्ड मल्ल अध्यात्मवाद र भौतिकवादका समन्वयकर्ता हुन् । दुवै दर्शनका राम्रा पक्षलाई आत्मसात गरेर समाजको निर्माण गर्नु पर्दछ भन्ने यिनको सोच रहेको पाइन्छ । उनी जीवन संघर्षपूर्ण र जटिल हुन्छ त्यसलाई सामना गर्न सिक्नु पर्दछ भन्थे । नाटक र रङ्मञ्च उनको रुचिको विषय रहेको पाइन्छ ।

---

२२ ऐजन ।

२३ ऐजन ।

# परिच्छेद – तीन

# प्रचण्ड मल्लको व्यक्तित्वका विभिन्न पाटा

## ३.१ शारीरिक व्यक्तित्व

प्रचण्ड मल्ल गहुँगोरो वर्ण, तेजस्वी आँखा, ठूलो चौडा निधार र मझौला कदका देखिन्छन् ।[२४] उनको शारीरिक उचाइ ४ फिट २ इन्च छ । हँसिला ठूला आँखाले उनको शारीरिक व्यक्तित्वलाई आकर्षक देखाउँछन् । उनी सँधै दौरासुरुवाल र कोटमा देखिन्छन् । प्रचण्ड मल्ल बाहिरी तडकभडकभन्दा आवश्यक कुरा मात्र गर्ने हँसिला, मिजासिला, विनम्र मिलनसार स्वभाव र चिन्तनशील भाव भएका व्यक्ति हुन् ।[२५] उनको बाह्य आकृतिले उनलाई चलाख, तन्दुरुस्त, जाँगरिलो, फुर्तिलो देखाउँछ । उनले जहिले पनि लगनशील, परिश्रमी, कर्तव्य परायणतालाई आत्मसात गरेको पाइन्छ ।[२६] बाल्यकालमा धेरै विरामी परेकाले उनको शरीर नफस्टाएको हो भनिन्छ । प्रचण्ड मल्ल सामान्य र शान्त व्यक्तित्वका रूपमा देखिन्छन् ।

## ३.२. नाटक निर्देशक व्यक्तित्व

प्रचण्ड मल्लको निर्देशक व्यक्तित्व महत्वपूर्ण छ । उनले नाटकलेखन र नाटक निर्देशन दुवै क्षेत्रलाई समानान्तर रूपमा अगाडि बढाएका छन् । उनले सर्वप्रथम 'क्रान्तिकारी कृष्ण' (२०१३) को निर्देशन गरेका हुन् । वि.सं. २०२३ सालदेखि वि.सं. २०२६ सालसम्म रुसको मस्कोमा रहेर स्टेट इन्टिच्युट अफ थिएटर

---

२४ शोधनायकका दाजु सुरेन्द्र मल्लबाट प्राप्त जानकारी अनुसार ।

२५ शोधनायककी श्रीमती स्नेहलता राउतबाट प्राप्त जानकारी अनुसार ।

२६ ऐजन ।

आर्टबाट नाटक निर्देशनको तालिम गरेका थिए ।[२७] प्रचण्ड मल्लले नेपालका विशिष्ट तथा नवीन नाटककारहरूका नाटकहरूको सफल निर्देशन गरेको पाइन्छ ।[२८] शाही नेपाली सैनिक गणहरूको वार्षिकोत्सव र नयाँ वर्षको उपलक्ष्यमा नेपाल राजकीय प्रज्ञा पतिष्ठानमा प्रतियोगितात्मक रूपमा प्रदर्शन गरिने ऐतिहासिक र सामाजिक नाटकहरूको निर्देशन गर्दै आएका छन् । प्रचण्ड मल्लले वि.सं. २०३० सालदेखि वि.सं. २०५३ सालसम्म प्रज्ञा प्रतिष्ठानमा रङ्गमञ्च निर्देशन गरेका छन् ।[२९] प्राप्त भए अनुसारका उनीद्वारा निर्देशित नाटक तथा एकाङ्कीहरू र त्यसका लेखकहरूको सूची तल दिइन्छ :

| नाटककार | नाट्यकृति | निर्देशित साल |
|---|---|---|
| फणीन्द्र मल्ल | क्रान्तिकारी कृष्ण | २०१३ |
| विजयबहादुर मल्ल | वीर कुस | २०३० |
| भीमनिधि तिवारी | योगमती | २०३० |
| चूडानाथ भट्टराय | श्री ५ बडामहाराजधीराज पृथ्वीनारायण शाह | २०३१ |
| गोपालप्रसाद रिमाल | माया | २०३१ |
| विजयबहादुर मल्ल | भोली के हुन्छ | २०३१ |
| श्यामदास वैष्णव | एकताको शुभारम्भ | २०३१ |
| विजयबहादुर मल्ल | मानिस र मकुण्डो | २०३२ |

२७ शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

२८ ऐजन ।

२९ ऐजन ।

| | | |
|---|---|---|
| सत्यमोहन जोशी | फर्केर हेर्दा | २०३३ |
| प्रचण्ड मल्ल | मि.नं. ३०३ | २०३६ |
| विश्वास आचार्य | बाल वर्ष | २०३६ |
| विश्वराज आचार्य | विद्यार्थीको स्वप्न | २०३७ |
| अशेष मल्ल | सडकदेखि सडकसम्म | २०३७ |
| केदार न्यौपाने | क्षितिज पारीको घाम | २०३७ |
| अशेष मल्ल | नाटकहरको नाटक | २०३८ |
| गोबिन्दबहादुर मल्ल | भोको घर | २०४० |
| विजयबहादुर मल्ल | कोसँग जुधौ | २०४० |
| प्रचण्ड मल्ल | अग्नी परीक्षा | २०४० |
| प्रचण्ड मल्ल | कालु पाण्डे | २०४६ |
| प्रचण्ड मल्ल | एकताको प्रतीक | २०४६ |
| प्रचण्ड मल्ल | श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह | २०४६ |
| प्रचण्ड मल्ल | जलुवा माझी | २०४७ |
| दामोदर सिलवाल | पश्चाताप | २०५२ |
| बालकृष्ण सम | अमरसिंह | २०५४ |
| भीमनिधि तिवारी | सहनशीला सुशीला | २०५८ |
| दुर्गालाल श्रेष्ठ | रामबहादुरया संसार | अप्राप्त |

| | | |
|---|---|---|
| दुर्गालाल श्रेष्ठ | ईचां बांलुगु चन्द्रमा | अप्राप्त |
| दुर्गालाल श्रेष्ठ | वमिसा | ,, |
| दुर्गालाल श्रेष्ठ | तत जागु मेच | ,, |
| दुर्गालाल श्रेष्ठ | मिजला | ,, |
| दुर्गालाल श्रेष्ठ | न्हायध्यनाः छाय स्वर्गः स्वयं | ,, |
| चूडानाथ भट्टराय | एकसीमा यहीँ टुङ्गिन्छ | ,, |
| सत्यमोहन जोशी | मृत्यु एक प्रश्न | ,, |
| सत्यमोहन जोशी | म्ह्गसय् नापलापहृ | ,, |
| बालकृष्ण सम | प्रेमपिण्ड | ,, |
| बालकृष्ण सम | भक्त भानुभक्त | ,, |
| बालकृष्ण सम | अमरसिंह | ,, |
| बालकृष्ण सम | भीमसेनको अन्त्य | ,, |
| बालकृष्ण सम | ध्रुव | ,, |
| विजयबहादुर मल्ल | दोमन | ,, |
| विजयबहादुर मल्ल | पृथ्वीनारायण शाह | ,, |
| विजयबहादुर मल्ल | जीवनवीमा | ,, |
| विजयबहादुर मल्ल | नेपाल सांस्कृतिक भण्डार | ,, |
| विजयबहादुर मल्ल | उद्घाटन | ,, |

| | | |
|---|---|---|
| हृदयचन्द्रसिंह प्रधान | गंगालालको चिता | ,, |
| हृदयचन्द्रसिंह प्रधान | कीर्तिपुरको युद्धमा | ,, |
| हृदयचन्द्रसिंह प्रधान | मरुभूमिको लेखक | ,, |
| जनार्दन सम | आमाको आशा | ,, |
| प्रचण्ड मल्ल | चित्रकार | ,, |
| प्रचण्ड मल्ल | अस्तित्व | ,, |
| प्रचण्ड मल्ल | भक्ति थापा | ,, |
| प्रचण्ड मल्ल | वीसेनगर्ची | ,, |
| प्रचण्ड मल्ल | देशको माटो | ,, |
| प्रचण्ड मल्ल | माटो र पानी | ,, |
| प्रचण्ड मल्ल | वीर गोर्खाली | ,, |
| गोपालप्रसाद रिमाल | माया | ,, |
| गोविन्दबहादुर मल्ल | युगको शिकार | ,, |
| गोविन्दबहादुर मल्ल | च्यातिएको पर्दा | ,, |
| भीमनिधि तिवारी | वीसे नगर्ची | ,, |

## ३.३ रङ्गमञ्च सज्जा व्यक्तित्व

वि.सं. २००९ सालदेखि नाट्यकला क्षेत्रमा प्रवेश गरी प्रारम्भमा बालकृष्ण समको निर्देशनमा नाटकहरूको अभिनय गरेका प्रचण्ड मल्लले रङ्गमञ्चहरूको निर्माण गर्न पनि उल्लेखनीय भूमिका खेलेका छन् । राजधानीका विभिन्न ठाउँका

प्रतिष्ठत नाट्यशालाहरूको रङ्गमञ्च उनकै डिजाइन अनुसार बनाइएका छन् । रङ्गमञ्चमा पर्दाको व्यवस्था कसरी मिलाउने, बत्ती तथा आवाज कसरी राख्ने भन्ने लगायतका प्राविधिक काममा उनी पोख्त छन् ।[३०] जहाँ कलाकारहरूले टेकेर अभिनय गर्छ त्यो ठाउँ रङ्गमञ्च हो, दर्शकलाई केही देखाउन कलाकारले कुनै ठाउँ टेक्नै पर्छ । रङ्गमञ्च भनेको कलाकारहरूको घर हो त्यसैले रङ्गमञ्च र कलाकारको सम्बन्ध अति गहिरो छ । दर्शकले रङ्गमञ्चमा कलाकारलाई हेर्दछ र दर्शक कलाकारको ऐना हो जसमा ऊ आफूलाई देख्दछ भनी उनी रङ्गमञ्चको बारेमा भन्दछन् ।[३१] प्रचण्ड मल्ल एक यस्ता ईर्स्या लाग्ने नाम भएका व्यक्ति हुन् जसलाई रङ्गमञ्च क्षेत्रबाट अलग गर्न खोज्यो भने रङ्गमञ्चीय क्षेत्र स्वास्थ्य हुन सक्दैन ।[३२] यसरी उनको यो रङ्गमञ्च सज्जा क्षेत्र एउटा महत्वपूर्ण पाटोको रूपमा रहेको पाइन्छ ।

## ३.४ नाटककार व्यक्तित्व

प्रचण्ड मल्लको साहित्यिक व्यक्तित्व माथि उठ्नमा उनको नाटक व्यक्तित्वले प्रमुख भूमिका खेलेको छ । प्रचण्ड मल्लको औपचारिक नाट्ययात्रा वि.सं. २०२६ मा 'मधुपर्क' पत्रिकामा प्रकाशित मनोवेदना एकाङ्कीवाट भएको हो । उनको प्रकाशित एकाङ्की सङग्रह 'तिलङ्गा' वि.सं. २०४५ र पूर्णाङ्की नाटक 'तथागत' वि.सं. २०६० हो ।

प्रचण्ड मल्लका नाटकहरूमा नेपालीका पौरखी पूर्खाहरू आपनो देश भेष भूषा अवतरित भइरहेछन् साथै नेपालीहरू व्यक्तिगत स्वार्थबाट माथि उठेर राष्ट्रको

---

३० केशव खनाल (अन्तर्वार्ता) छलफल (२०५९),वर्ष २१, अंक २५ ।

३१ ऐजन ।

३२ श्री ओम श्रेष्ठ, रोदन, नेपथ्य (२०६२) ।

निम्ति समर्पित भावले कार्य गरिरहेका पाइन्छन् ।[३३] प्रचण्ड मल्लका नाटकमा जनताका दुःख पीडा समसामयिक देशको परिस्थिति साथै नारीको मनोवेदना पाइन्छ ।[३४] प्रचण्ड मल्लका नाटकमा इतिहासमा घटेको विभिन्न घटनाहरूलाई कथामा उतारी त्यसलाई संवाद एवं अभिनय सहित रङगमञ्चमा प्रस्तुत गरिएको हुन्छ ।[३५]

## ३.५ लेखक व्यक्तित्व

प्रचण्ड मल्ल अन्य विद्यामा जस्तै लेखन विद्यामा पनि सक्रिय रहेको पाइन्छ । उनको सर्वप्रथम वि.सं. २०१८ सालमा 'नृत्याभिनय' शीर्षक लेख गोरखापत्रमा प्रकाशित भएको पाइन्छ । उनी लेखनकार्यमा विगत पाँच दशकदेखि अनवरत रूपमा योगदान दिंदै आएका व्यक्ति हुन् । विभिन्न पत्र-पत्रिकामा छरिएर रहेका उनका केही लेखहरूको सूची यसप्रकार रहेको छ ।

| क.सं. | लेख | पत्रिका | समय |
|---|---|---|---|
| १. | नृत्याभिनय | गोरखापत्र | २०१८ |
| २. | नेपालको रङगमञ्च परम्परा | गोरखापत्र | २०२० |
| ३. | राष्ट्रिय नाचघर | बागीना | २०३० |
| ४. | रङ्गमञ्च | मधुपर्क | २०३० |
| ५. | नेपाली नाटक परम्पराको | बागीना | २०३३ |

३३ माधवप्रसाद घिमिरे (भूमिकामा), तिलङ्गा (२०४५) ।

३४ शोधनायकका दाजु सुरेन्द्र मल्लबाट प्राप्त जानकारी ।

३५ गोरखा सैनिक आवाज (२०५९), वर्ष ११, अङ्क ४, पृ. ४२ ।

| | | | |
|---|---|---|---|
| | सानो उल्लेख | | |
| ६. | हाम्रो रङ्गमञ्च हिजो र आज | मधुपर्क | २०३७ |
| ७. | काठमाडौं उपत्यकाको रङ्गमञ्चीय परम्परामा स्त्री पात्रको रूपमा पुरुष | मधुपर्क | २०३८ |
| ८. | उहिले बाजेको पालामा नाटक हुन्थे | कान्तिपुर | २०५१ |
| ९. | अभिनय कलामा समका परिवार | कान्तिपुर | २०५२ |
| १०. | नेपाली रङ्गमञ्च परम्परा | प्रज्ञा | अप्राप्त |
| ११. | एक श्लोक शकुन्तलाको | कान्तिपुर कोशेली | अप्राप्त |
| १२. | सात सालपछिको रङ्गमञ्च | सिन्दुर | अप्राप्त |
| १३. | नेपाली रङ्गमञ्चीय कला | समकालीन साहित्य | अप्राप्त |
| १४. | श्री ५ महेन्द्र र कलाको विकास | आँखा | अप्राप्त |
| १५. | राणाकालीन रङ्गमञ्चमा विदेशी प्रभाव | मधुपर्क | अप्राप्त |

## ३.६ अनुवादक व्यक्तित्व

प्रचण्ड मल्लले अनुवादका क्षेत्रमा पनि कलम चलाएका छन् । उनले सिद्धार्थ गौतमको जीवनीमा आधारित 'तथागत' नाटक नेपाली भाषाबाट नेवार भाषामा

अनुवाद गरी दि स्टेट नेपाल बाट वि.सं. २०६० साल पुसमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको नाट्यशालामा मञ्चन गराएका छन् ।[३६]

## ३.७ सामाजिक र साङ्गठनिक व्यक्तित्व

प्रचण्ड मल्लले कतिपय संघ संस्था खोल्न र विकास विस्तार गर्न प्रचण्डले योगदान गरेको देखिन्छ । प्रजातान्त्रिक विचारधारा भएका प्रचण्ड मल्ल विभिन्न संघ संस्थासँग आबद्ध रहनुका साथै ती संघसंस्था निर्माणमा पनि सक्रिय सहभागि रहेको पाइन्छ । श्रृङ्खला सांस्कृतिक प्रतिष्ठानको सल्लाहकार काठमाडौं (२०६१), नेपा. नाट्य प्रतिष्ठानको संस्थापक सदस्य र नाटक निर्देशक (२०६३), नेपाल कला प्रतिष्ठानको अध्यक्ष (२०६३), यसरी प्रचण्ड मल्लले सामाजिक र साङ्गठनिक कार्यहरूमा चासो राखेको पाइन्छ ।[३७]

३६ शोधनायकबाट प्राप्त जानकारी ।

३७ शोधनायकबाट प्राप्त लिखित जानकारी ।

# अध्याय - चार

# प्रचण्ड मल्लका कृतिहरूको विश्लेषण

## ४.१ पृष्ठभूमि

प्रचण्ड मल्ल नेपाली साहित्यका शसक्त प्रतिभा हुन् । नेपाली साहित्यका नाटक, एकाङ्की, समालोचना आदि विधामा कलम चलाएका छन् । उनी विशेषतः एकाङ्कीकारका रूपमा उल्लेखनीय छन् । यस परिच्छेदमा उनका कृतिहरूको विवेचना गरिएको छ । उनका एकाङ्कीहरूको विवेचना गर्नु अगाडि एकाङ्कीको स्वरूप, परिभाषा र तत्वको सामान्य परिचय दिइएको छ ।

## ४.२ एकाङ्कीको स्वरूप

एक अङ्क वा एक अङक भएको लघु कलेवर एक विशेष प्रकारको नाटकलाई एकाङ्की भनिन्छ । साहित्यिक विद्यागत रूपमा चर्चा गर्दा के भन्न सकिन्छ भने जसरी कथाभन्दा भिन्न उपन्यास छुट्टै विधा हो त्यस्तै नाटकभन्दा भिन्दै छुट्टै नाट्य विद्या एकाङ्की हो । यसको घटना पात्रको द्रुत विकास र एकता कायम भएको हुनुपर्दछ । आरम्भदेखि लक्षित उद्देश्य प्राप्तिसम्म द्रुत गतिमा गएको हुन्छ । यसमा द्वन्द्वको राम्रो निर्वाह हुन्छ । जसले गर्दा एकाङ्की गतिशील हुन्छ ।[३८] एकाङ्कीमा मानव जीवनको कुनै एक रूप पक्ष, एक चरित्र, एक कार्य तथा एक भावलाई कलात्मक ढङ्गले प्रदर्शन गरिन्छ । स्वरूपका दृष्टिमा यो एक अङ्क भएको एकाङ्की एक साहित्यिक विद्यागत नाट्य रूप हो ।[३९]

एकाङ्की नाट्य रचना भएको र केही मिल्दो जुल्दो भएकाले नाट्कसँग तुलनीय छ । जस्तैः नाटकमा जीवनका अनेक पक्षको चित्रण हुन्छ भने यसमा एक

---

३८ ईश्वरप्रसाद गैरे, आधुनिक नेपाली नाटक (२०५९ः ८९) ।

३९ ऐजन ।

पक्षको चित्रण हुन्छ । यस्तै नाटकमा एक भन्दा बढी अङ्क हुन्छन् भने यसमा एउटा मात्र अङ्क  हुन्छ । नाट्कमा कथाको विस्तारका साथ विकास भएको हुन्छ भने यसमा कथानकको विकास तीव्र गतिमा हुन्छ । एकाङ्कीमा पात्रहरूको सीमितता अल्पता, एकाङ्कीको पूर्ण निर्वाह र मञ्चन स्वरूप पैतीस चालीस मिनेटको हुन्छ ।[४०] यसप्रकार तुलनात्मक रूपमा भिन्नताका आधारमा के भन्न सकिन्छ भने एकाङ्की नाट्य रचना भए पनि नाटकभन्दा एक भिन्नै र छुट्टै स्वरूप र पहिचान भएको स्वतन्त्र एक साहित्यिक नवीन विद्या हो । यसको आफ्नो छुट्टै वर्चश्व र अस्तित्व छ ।

## ४.३ एकाङ्कीको परिभाषा

एकाङ्की साहित्यको सबभन्दा पछि विकसित एक नवीन विद्या हो भने त्यसै अनुरूप यसलाई संक्षिप्तमा र कलात्मक प्रस्तुति आदिमा जोड दिदैं विभिन्न विद्वानहरूले निम्न परिभाषा गरेका छन् । जस्तैः

एउटै प्रभाव उत्पन्न गर्ने उद्देश्य भएको र एउटै स्थिति वा प्रसङ्गमा सीमित रहेको तथा एउटै पक्ष वा पक्ष समुहमा केन्द्रित रचनालाई  एकाङ्की भनिन्छ ।

सिडनी बब

सयम पक्ष बढी महत्वपूर्ण हुने घटनाको भनि तिब्रता मत्थर हुने र जीवनदेखि टाढाको फरकजस्तो नलाग्ने रचनालाई एकाङकी भनिन्छ ।

पर्सियन वाइल्ड

यसमा एउटा विषय एउटै समय  र एउटै अङ्कमा दृश्य हुनु आवश्यक छ, एक अनेकमा जति डक्मा पनि हुन सक्दछ तर एक चोटि नटुटेको सिङ्को हुनु पर्दछ र सानो भए पनि यो घोडा दौडको एक दौड जस्तो हो । जसमा विश्राम हुनुहुँदैन ।

बालकृष्ण सम

४० ऐजन ।

एकाङ्कीको कथावस्तु शुरुदेखि नै प्रभावपूर्ण ढङ्ग भएका एक दुरी उठेजस्तो हुनुपर्दछ ।

हृदयचन्द्रसिंह प्रधान

यी विभिन्न परिभाषाहरूबाट स्पष्ट हुन्छ एकाङ्की एक विशिष्ट प्रकारको नाट्य रूप हो जसमा आफ्ना छुट्टै मौलिक विशेषता र पहिचान छन् ।

## ४.४ एकाङ्कीका तत्व

एकाङ्की नाटककै समरूप तत्व भएको साहित्यिक विद्या भएकाले यसको संरचनात्मकता नाटक सरह मिल्दो जुल्दो किसिमको हुने हुनाले यसका निम्नलिखित तत्व फेला पर्दछन् । जस्तैः

### क. कथानक

एकाङ्कीको कथानकमा एकत्वलाई  ख्याल राखेर एउटै मात्र मूल कथाको प्रस्तुति हुन्छ साथै यसलाई सार्थकता प्रदान गर्न अरु दुई तीन घटनाको पनि समावेश गरिन्छ । एकाङ्कीकारले कथानक चयन जीवनका आदर्श यथार्थ मनोविज्ञानमा आधारित भएर घर-परिवार समाज, राजनीतिक, धर्म, इतिहास, पुराण दैनिक जीवनमा घटेका घटना जस्ता कुनै पनि विषय वस्तुलाई आधार बनाएर गर्न सक्छ । [४१]

एकाङ्कीको कथानकको विकासका लागि प्रारम्भ नाटकीय स्थान, द्वन्द्व चरम सीमा र अन्तिम परिणति गरी पाँच अवस्थामै स्थितिलाई अङ्गिकार  र गरिएको हुन्छ । यी अवस्थामा कर्मकारण श्रृङखलामा बाँधेर कथानकको विकास हुन्छ । यसको कथानकीय विन्यास आदि मध्य र अन्त्यमा पाश्चात्य परम्पराअनुसार संरचित भएर यसमा परिचय कौतुहलता, द्वन्द्व, संघर्ष चरम सीमा नाटकीय कार्य कारण

४१ ऐजन ।

श्रृङखलामा बाँधेर कथानकको विकास हुन्छ ।[४२] एकाङ्कीको कथानक स्थानमा घटित घटना सबै समयमा केन्द्रीतभूत भएर कार्य सम्पन्न गरिएको हुनुपर्दछ ।

### ख. पात्र

एकाङ्कीको दोस्रो तत्व पात्रको चरित्र चित्रण हो । यसमा थोरै तर आवश्यक पात्रको भाग गरिएको हुन्छ । पात्रहरूको संख्या चार पाँच वा ६ भन्दा बढी हुनुहुँदैन । यसको गौण पात्र मूलकथासँग सम्बन्धीत र मूल पात्रको चरित्रमा प्रकाशित हुनुपर्छ ।[४३] एकाङ्कीमा जीवनको एक विशिष्ट क्षणको मात्र प्रस्तुती हुन्छ । यसका पात्र स्त्री पुरुष जे पनि हुन सक्छन् । जसले कुनै पनि जात वर्गासित सम्बन्ध राख्छन् भने तिनीहरू जनजीवन र त्यसको भावनाको प्रतिनिधित्व गर्ने खाले हुनुपर्दछ । पात्र सहज स्वाभाविक जीवन्त व्यक्तित्व मुखरित भएको हुनु आवश्यक छ भने पात्रीय घटनाक्रम बाह्य हुन्छ र मनोसंघर्षको आन्तरिक द्वन्द्व जटिलतको सिर्जनाले वस्तु तत्वको सुसङ्गठनमा प्रभावसाली भूमिका खेलेको हुनुपर्दछ ।[४४]

### ग. संवाद

संवाद एकाङ्कीको आधारभूत तत्व हो यसैका माध्यमबाट एकाङ्की प्रकट हुन्छ भने संवादले नै पात्रहरूलाई जीवन र गति दिइरहेको हुन्छ र पात्रहरूले कथानकलाई गतिशील तुल्याइरहेकै हुन्छ । संवादको भाषा, बोली चालीको र सबैले बुझ्ने खालको हुनुपर्छ । विशेषतः संवाद तत्वका माध्यमबाट एकाङ्कीमा वस्तु चरित्रको विकास उद्देश्यको सफलता स्पष्टता र सिद्धि आदिलाई सम्पन्न गर्ने योजना बनाइएको हुनुपर्छ ।[४५] मुख्यतथा संवाद एकाङ्कीको वातावरणअनुकूल जीवनकथा

---

४२ ऐजन ।

४३ ऐजन ।

४४ ऐजन ।

४५ ऐजन ।

अनुरूप औचित्यता स्वाभाविकता र संक्षिप्तासहित पात्रका भावना विचार क्रियाकलाप सबैलाई आफूभित्र समाहित गरेको मनोभावनापूर्ण मनोवैज्ञानिक हुनुपर्दछ ।[४६] एकालाप एकाङ्कीमा आए पनि त्यसको प्रयोगका लागि स्वाभाविकताको ख्याल गर्दै उचित वातावरणको सिर्जनामा ध्यान दिइएको हुनु नितान्त आवश्यक छ ।

## घ. भाषाशैली

भाषाशैली एकाङ्कीको अनिवार्य तत्व हो । जुन सरल स्पष्ट र प्रेक्षकका लागि सुबोधगम्य हुनुपर्दछ । यसका पात्र अनकूल भाषाको प्रयोग गर्नुपर्दछ । यो प्रयोगमा सरलता सहजता र संक्षिप्तता भरिएको हुनुपर्दछ । एकाङ्कीमा गद्यभाषालाई नै मान्यता दिइएको हुनुपर्छ । पात्रको स्तरलाई ध्यान राख्दै बौद्धिक ओज र स्तरीयता एवं सामान्यात्मकता जस्ता कुरालाई भाषाले लिएको हुनुपर्दछ ।[४७] एकाङ्कीको शैली संक्षिप्त, विशिष्ट, हृदयस्पर्शी र मार्मिक हुनुपर्दछ । सरल शैली साना वाक्य विन्यास र गुम्फित शैली विभिन्न वाक्यांशले सजिएको हुन्छ । मुख्यतया एकाङ्कीमा संवादात्मक भाषाको प्रयोग हुन्छ भने त्यसलाई वर्ण विवरणात्मक ढङ्गले निर्देश गरिएको हुन्छ ।

## ङ. उद्देश्य

एकाङ्कीको अर्को तत्व उद्देश्य हो । विशेष गरी जीवनको कुनै मार्मिक क्षण त्यसको जटिलता अनि समस्यागत स्वरूपता आदिले जीवनबारे केही नै अनुभूति गराउन सक्नु भै एकाङ्कीको उद्देश्य लुकेर बसेको हुन्छ । साथै यसले एउटा न एउटा सन्देश बोकेको हुनुपर्दछ ।[४८] मुख्यतया कुनै विषयको कलात्मक प्रस्तुति

---

४६ ऐजन ।

४७ गुणाकर भुसाल, नेपाली नाटक र कविता (२०५९: १५) ।

४८ ऐजन ।

चरित्र घटना र परिवेशद्वारा प्रभावात्मकता शैली शिल्पमा चमत्कारिता र समसामयिक सन्दर्भहरूमा नवीनता हुनु नै एकाङ्कीको उद्देश्य हुन्छ ।

**च. द्वन्द्व संघर्ष**

द्वन्द्व संघर्षलाई पनि एकाङ्कीको अनिवार्य तत्व स्वीकारिएको छ । एकाङ्कीमा द्वन्द्व संघर्ष पात्रहरूको मनस्थिति विचार वेग संवेग आदिमा आन्तरिक द्वन्द्व भइरहेका हुन्छन् भने घटनात्मक बिम्ब प्रतिक्रिया वकोवाक आदिमा बाह्य संघर्ष परिलक्षित भएको हुन्छ । यिनका माध्यमबाट एकाङ्कीको कथ्य कथानक सहज नाटकीय द्रुतगतिले प्रवाहित हुँदै तिव्र वेगलाई बजाउँदै चरम विकासको स्थितिमा पुऱ्याउँछ ।[४९] द्वन्द्व संघर्ष तत्वले एकाङ्कीको सबै प्रसङ्गमा विश्वसनीय उत्पन्न गर्दछ ।

**छ. देश, काल, वातावरण**

एकाङ्की सानो आकारको भएको हुनाले सीमित परिवेशको चित्रण गरिएको हुन्छ । एकाङ्कीमा देश,काल,वातावरण अनुसारका पात्र, भेषभूषा र बोलचाल रहेको हुन्छ । एकाङ्कीमा यसले पार्ने सघन प्रभावको लागि पुन देश, काल, वातावरण घटनाको विकास भएको छ । त्यसको यथार्थ र विश्वसनीय रूपमा चित्रण गरिनु अनिवार्य हुन्छ ।[५०]

**ज. अभिनेयता**

अभिनेयता एकाङ्कीको महत्वपूर्ण तत्व हो । एकाङ्कीको रङ्गमञ्चमा प्रदर्शन गरिने हुनाले अभिनेयता प्रमुख अङ्ग हुन आउँछ ।  रङ्गमञ्च अभिनय गर्नका लागि एकाङ्कीलाई विस्तृत वातावरण भन्दा सानो अवधिमा पूरा हुने वातावरणको सृष्टि

---

४९ ऐजन ।

५० ऐजन ।

गरिनुपर्दछ ।[५१] मूलतः पात्रहरूद्वारा सम्वादका माध्यमबाट अनेक हाउभाउ प्रदर्शनबाट जुन एकाग्रता मञ्चमा प्रस्तुत गरिन्छ । यस अर्थमा त्यसलाई नै अभिनय भनिन्छ ।

## ४.५ तिलङ्गा एकाङ्की सङ्ग्रहहरूको विश्लेषण

प्रचण्ड मल्लद्वारा लिखित तिलङ्गा (२०४५) एकाङ्की सङ्ग्रह उनको पहिलो साहित्यिक पुस्तककार र कृति हो । पाँच वटा एकाङ्कीहरू सङ्ग्रह गरिएको प्रस्तुत कृति गद्य शैलीमा लेखिएको छ । शाहवंशको समयमा भएका विभिन्न सन्दर्भ र परिवेशमा रचना गरिएका छन् । यो एकाङ्की सङ्ग्रहका सबै एकाङ्कीहरू देश, समाज र व्यक्तिको अस्मिता माथि चिन्तनशील रहेका छन् ।

प्रचण्ड मल्ल यस एकाङ्की सङ्ग्रहमा सचेतताका साथ आफ्ना एकाङ्कीहरू लिएर आएका छन् । मानिसले जन्मिसकेपछि विभिन्न समस्याका साथ अघि बढ्नु पर्दछ नै तर पनि मानिस स्वतन्त्र भएर आफ्नै अस्तित्वमा जीउनु पर्दछ भन्ने उनका एकाङ्कीहरूको अध्ययनबाट थाहा पाइन्छ । यस सङ्ग्रहमा संकलित एकाङ्कीहरूले हामीले डराएर, पछि हटेर होइन आफ्ना समस्यालाई निडरताका साथ सामना गरेर स्वतन्त्रता ल्याउनु पर्दछ भन्ने सन्देश दिएका छन् । हामीले तातो वाफमा निसासिदै धर्तिमा बाँच्ने प्रेरणा लिएर आउनु पर्दछ । हामी आफ्नै आस्था र विश्वासमा बाँच्नु पर्दछ भन्ने अठोट यस एकाङ्की सङ्ग्रहका एकाङ्कीहरूले व्यक्त गरेका छन् । यस सङ्ग्रहका एकाङ्कीहरूलाई प्रायः विभिन्न पत्रपत्रिकामा प्रकाशित गरेर पछि सङ्गृहीत गरेको पाइन्छ । यी एकाङ्कीहरूलाई एकाङ्कीका तत्वका आधारमा विश्लेषण गरिएको छ ।

---

५१ ऐजन ।

## ४.५.१ राजेन्द्रलक्ष्मी एकाङ्कीको विश्लेषण

### ४.५.१.१ कथानक

श्री ५ राजेन्द्रलक्ष्मीले कसरी नेपालको एकीकरण अभियानमा सहयोग पुऱ्याइन भन्ने बारेको यो एकाङ्कीको विषयवस्तु ऐतिहासिक छ । यस एकाङ्कीको कथानक अनुसार गोरखा दरबारमाथि तनहुँ, पर्वत, पाल्पाले हमला गर्ने धम्की दिएका हुन्छन् । यही धम्कीको समाधान गर्न राजेन्द्रलक्ष्मीले बैठक बोलाएकी हुन्छिन् । सो धम्कीको बारेमा दामोदर पाँडे, अमरसिंह थापा, राम कृष्ण कुँवर, अभिमान सिंह वस्न्यात आदि भेला भएर छलफल भइरहेको हुन्छ । उनीहरू एक आपसमा पाल्पा, पर्वत, तनहुँले आफूहरू माथि समय समयमा आक्रमण गरेको कुरा गर्छन । यहीँ कारणले गर्दा उनीहरू राजेन्द्रलक्ष्मीको आज्ञा पर्खेका हुन्छन् । उनीहरू पृथ्वीनारायण शासबाट जुन जोश र देशभक्तिको पाठ सिकेका हुन्छन् । त्यस पाठबाट आफूहरूले शत्रुलाई बालक राजा र आईमाई नाबालकले के गर्न सक्छन् भन्ने मनसाय राखेर गोरखामाथि दिएको धम्कीलाई परास्त गर्ने कुराको छलफल भइराखेको हुन्छ । त्यस्तैमा राजेन्द्रलक्ष्मी आइपुग्छिन् । त्यसपछि राजेन्द्र लक्ष्मीले सबैलाई युद्धको लागि ठाउँठाउँमा सिपाही र गुप्तचरहरू राख्न आदेश दिन्छिन् साथै कुनकुन दिशाबाट आक्रमण गर्ने भन्ने योजना बनाउन आग्रह गर्दछिन् । श्री ५ राजेन्द्रलक्ष्मीलाई यही कुराले गर्दा अर्थात पृथ्वीनारायण शाहले यो देश र प्रजाको लागि कहिल्यै आराम नगरेको र स-साना राज्यहरूलाई एक सुत्रमा गाँसी एक बलियो राष्ट्र खडा गर्ने अभियान थालेको सम्झन्छिन् । सो अभियानलाई आफूले पनि पालना गर्न सँकू भनेर गोरखनाथ बाबासँग प्राथना गर्दछिन । राजेन्द्रलक्ष्मी देशको बारेमा सोच्दा सोच्दै अत्यन्तै चिन्तित भइसकेकी हुन्छिन् । गायत्री, मालती, केसरी जस्ता नानीहरूले उनलाई धेरै पीर नमान्नु र आराम गर्न सल्लाह दिन्छन् साथै नानीहरूले जीत हाम्रो नै हुन्छ भन्ने आश्वासन दिन्छन् । उनीहरू आफैं पनि युद्धमा जाने र शत्रुको सामना गर्ने दृढ विश्वास लिन्छन् । राजेन्द्रलक्ष्मीको निर्देशन अनुसार

गोर्खालीहरू पशुपतिनाथको आशिर्वाद लिएर युद्धमा होमिन्छन् । नेपाली सिपाहीहरू र भारदारहरूले नाङ्गो खुकुरी, तरबार बन्दुकले शत्रु पक्षलाई परास्त गर्छन् । यसरी राजेन्द्रलक्ष्मीले नेपालको एकीकरण अभियानमा सहयोग पुऱ्याएकी छिन् । प्रस्तुत राजेन्द्रलक्ष्मी एकाङ्कीको कथावस्तुले एउटी नारीले कसरी आफ्नो ससुराको एकीकरण अभियानलाई  सहयोग पुऱ्याइन भन्ने कुरा प्रस्तुत गरेको छ ।

**४.५.१.२ पात्र**

**क. प्रमुख पात्र**

**राजेन्द्रलक्ष्मी**

राजेन्द्रलक्ष्मीको व्यक्तित्व असाधारण छ । उनी शूर, वीरङ्गाना र बुद्धिमती छिन् । राजा पृथ्वीनारायण शाहले एकीकरण गरेको विशाल देशलाई शत्रुहरूले आँखा गाडिरहेका हुन्छन् । उनलाई महिला भनेर वरिपरिका राजाहरू गोरखामा आक्रमण गर्ने धम्कि दिइरहेका हुन्छन् । यस्तो समस्याबाट कसरी आफ्नो देशलाई शत्रुका पञ्जाबाट मुक्त गर्ने भन्ने कुरामा उनी अत्यन्त चिन्तित हुन्छिन् । उनी बीरङ्गाना भएकोले उनले आफ्ना देशका बीरपुरुषहरूलाई शत्रुपक्षसँग लड्न आदेश दिनुका साथै आफू पनि युद्ध मैदानमा उत्रेर देशको रक्षाका लागि तम्तयार हुन्छिन् । उनले नारी भएर त्यस्तै परिआयो भने कोलाहल मच्चाउनुपर्छ । यस भूमिमा एक एक नारीले पुरुषसँग काँधमा काँध जोडी देशलाई फलाउन फुलाउन सहयोग गर्नुपर्छ भन्ने साहश दिने व्यक्ति हुन् । उनी आफ्नो देशका निम्ति प्राण दिन सक्ने महिला हुन । जस्तै “मेरो सामु प्रत्येक क्षण कति कठोर समय,कति भयावह विकराल समय, यही सबैले मलाई तर्साउन खोज्छ जुझ्न खोज्छ तर म कहिल्यै तर्सन्न, विचलित हुन्न यो मेरो अठोट हो ।”

**ख. सहायक पात्रहरू**

**अमरसिंह थापा**

अमरसिंह थापा यस एकाङ्कीका सहायक पात्र हुन् । अमरसिंह थापा एक कुशल, वीर योद्धा तथा देश भक्त व्यक्तित्व हुन् । उनी आफ्नो देश र राजाको निम्ति प्राण पनि अर्पण गर्न पछि पर्दैनन् । उनी तनहुँ, पर्वत, पाल्पा राज्यले गोरखामाथि हमला गर्ने धम्कीलाई विफल पार्ने विचारमा रहेका छन् । उनी श्री ५ महाराजधिराज पृथ्वीनारायण शाहबाट हामीलाई जुन जोश र पाठ दिइएको छ सो नमुना शत्रुपक्षलाई देखाउनु पर्दछ भन्ने व्यक्ति हुन् । अमरसिंह थापा आफू चूप लागेर बस्ने तर शत्रु आइ लागेमा आफू पनि जाइलाग्ने व्यक्ति हुन् । उनी यस एकाङ्कीमा अनुकूल मञ्चीय, स्थिर तथा बद्ध पात्रको कोटिमा पर्दछन् ।

**राजगूरु गजराज मिश्र**

यस एकाङ्कीमा राजगूरु गजराज मिश्र सहायक पात्रका रूपमा आएका छन् । उनी यस एकाङ्कीमा एक वुद्धिमान र पाको व्यक्तिका रूपमा उपस्थित छन् । उनी शत्रुहरूमाथि त्यसै जाइलाग्न नहुने कुरा गर्दछन् । पर्वत, तनहुँ, पाल्पा संयुक्त मोर्चा बाँधी गोरखा माथि आइलाग्ने तयारीमा छन् । त्यसैले हामीले अहिले लड्नु हुन्न । हामीले अहिले हिम्मत बटुली मजबुत हुनुपर्छ भनी दामोदर पाँडे, अमरसिंह थापा जस्ता व्यक्तिलाई सम्झाउने व्यक्ति हुन् । उनले कसरी शत्रुमाथि लड्ने कुराको विचार गरेर मात्र जाइलाग्नु पर्छ भन्ने विचार पोखेका छन् ।

**गायत्री**

गायत्री यस एकाङ्कीको सहायक स्त्री पात्र हुन् । गायत्री राजेन्द्रलक्ष्मीको सेवाका लागि उपस्थित छ । उसले राजेन्द्रलक्ष्मीको सेवा गर्ने भएतापनि राजेन्द्रलक्ष्मीको चिन्तालाई पनि बुझेकी छ । उसले हामी सबैले एक भएर दुःख

बाँडनु पर्छ भन्ने कुरा गरेकी छ । त्यस्तै हामी नारी हौँ तर त्यस्तै परिआयो भने कोलाहल मच्चाउन सक्छौं र देशलाई फुलाउन सक्छौं भन्ने भावना प्रकट गरेकी छ साथै ऊ नारी पुरुष काँधमा काँध मिलाई देशको लागि लड्नुपर्छ भन्ने व्यक्ति हो ।

**ग. गौणपात्रहरू**

यस एकाङ्कीको कार्य व्यापारका दृष्टिले गौण भूमिका निर्वाह गर्ने पात्रहरूमा दामोदर पाँडे, रामकृष्ण कुँवर, मालती, अरुणा जस्ता पात्रहरू रहेका छन् । उनीहरू सबै आफ्नो देशको रक्षाको निमित्त लागि पर्ने व्यक्ति हुन् । अन्त्यमा उनीहरूले शत्रुहरूलाई पराजित गरेर नै छाड्छन् ।

**४.५.१.३ संवाद**

प्रस्तुत एकाङ्कीमा रहेको संवाद सरल, सहज, मार्मिक र प्रभावकारी किसिमको रहेको छ । यस एकाङ्कीमा गद्य भाषाको प्रयोग भएको छ । पात्रको स्तर अनुसार यसको संवाद स्वाभाविक रहेको छ । मुख्य पात्रले आफ्नो देशप्रति गरेको चिन्ता संवादमा सरल रूपमा प्रयोग भएको छ । जस्तैः

श्री ५ महारानीः तिमीले ठीक भन्यौ, यस्ता कुराहरू मेरो लागि साधारण कुरा हुन् । मलाई डगाउन र मेरो मन विचलित पार्न सक्तैनन् ।

माधवी- अनि के भो त सरकार, यति चिन्तित होइबक्सनुको कारण के पऱ्यो त्यस्तो हामीसँग लुकाइबक्सनुको कारण के पऱ्यो ।

**४.५.१.४ द्वन्द्व**

प्रस्तुत एकाङ्कीमा बाह्य द्वन्द्वका साथै आन्तरिक द्वन्द्वको पनि प्रयोग भएको छ । यस एकाङ्कीमा बाह्य द्वन्द्व प्रबल रूपमा आएको छ । पाल्पा, तनहुँ, पर्वतले गोरखा माथि हमला गर्ने धम्की दिएकोले गोरखालीहरू चिन्तित हुन्छन् । त्यस्तै राजेन्द्रलक्ष्मीमा पाल्पा, पर्वत, तनहुँ माथि कसरी आक्रमण गर्ने र परास्त गर्ने भन्ने

कुराको द्वन्द्व  देखिन्छ । त्यस्तै उनी आफ्ना ससुरा पृथ्वीनारायण शाहले यत्रो दुःख गरेर एकीकरण गरेको मुलुकलाई कसरी जोगाउने र उनको एकीकरण अभियानलाई कसरी सघाउने भन्ने मनोद्वन्द्वमा परेका छन् । त्यस्तै अमरसिंह थापा पनि आफ्नो देशलाई शत्रुबाट कसरी जोगाउने भन्ने मनोद्वन्द्वमा परेका छन् । यसरी यस एकाङ्कीमा बाह्य द्वन्द्वका साथै आन्तरिक द्वन्द्व पनि रहेको छ ।

### ४.५.१.५ देशकाल वातावरण

प्रस्तुत एकाङ्कीमा दरबारको सुन्दर बैठक, गोरखा दरबार आदि ठाउँहरूको उल्लेख छ । नाटकीय परिवेश भने गोरखा दरबारको एउटा कोठामा भएको छलफल रहेको छ । यस एकाङ्कीमा राजेन्द्रलक्ष्मीको समयको झगडा जस्ता कुराले त्यसबेलाको राज्य विस्तारको समयलाई समेत नाटकमा उल्लेख गरिएको पाउन सकिन्छ ।

### ४.५.१.६ भाषाशैली

साधारण बोलीचालीको गद्य भाषा प्रयोग यस एकाङ्कीको भाषिक प्रयोग हो । सरलता र सरश शब्द तथा मितव्ययी भाषाको प्रयोग भएको छ । यस एकाङ्कीमा दरबारीया भाषाका हुकुम, महारानी, गरिबक्सन्छ जस्ता शब्द प्रयोग भएका छन् । जोश देखाएर होस गुमाउनु, झिंगाले पाखुरा निमोठनु, जोरी खोज्नु जस्ता टुक्काको प्रयोगले भाषिक प्रयोगमा मिठास थप्ने काम गरेका छन् । शैलीका दृष्टिले सरल किसिमको रहेको छ ।

### ४.५.१.७ उद्देश्य

आफ्नो देशलाई कसरी शक्तिशाली बनाउने र शत्रुसँगै कसरी जुधेर पृथ्वीनारायण शाहको एकीकरण अभियानलाई टेवा दिने भन्ने कुरालाई देखाउन खोज्नु नै प्रस्तुत एकाङ्कीको प्रमुख उद्देश्य हो । त्यस्तै यसमा हाम्रा वीर पूर्खाहरूको साहस, धैर्यता र शक्तिलाई पनि देखाउन खोजिएको छ ।

### ४.५.१.८ अभिनेयता

राजेन्द्रलक्ष्मी एकाङ्कीमा सीमित पात्र सङ्ख्या, छोटो आकृति दृश्यका रूपमा गोरखा दरवारको परिवेशमा आबद्ध एकाङ्की अभिनयका दृष्टिले सफल छ । दरवारमा बोलिने भाषाको प्रयोगका साथै लामा लामा संवादले अभिनय पक्ष केही दुरुह बन्न पुगेको छ । समग्रमा प्रस्तुत राजेन्द्रलक्ष्मी एकाङ्की अभिनयका दृष्टिले सफल रहेको छ ।

## ४.५.२ एकीकरणको पहिलो अभियान एकाङ्कीको अध्ययन

### ४.५.२.१ कथानक

यस एकाङ्कीको कथावस्तु पृथ्वीनारायण शाहले कसरी एकीकरण अभियानको थालनी गरे भन्ने ऐतिहासिक विषयवस्तुमा आधारित छ । यस एकाङ्कीको कथावस्तु अनुसार दुई पटक नुवाकोट माथि आक्रमण गर्दा पनि विफल भएकोले पुनः आक्रमणको तयारी गर्दै हुन्छन् । दुई पटक नुवाकोट आक्रमण गर्दा देशको स्थिति कमजोर भएको हुन्छ । त्यसैले उनले विसे नगर्चीसँग सल्लाह गर्छन । विसे नगर्चीकै सल्लाह अनुसार उनले आर्थिक प्रबन्ध मिलाउँछन् । पृथ्वीनारायण शाह काशी गई हात हतियार, बन्दुक बारुद र सैनिकहरूलाई बन्दुक चलाउने तालिम दिनेहरू र मर्मत गर्ने मानिसहरू ल्याउने कुरा जेठा मुमासँग गर्छन साथै पहाडी लुगा लगाई त्यहाँ जाँदा हेप्लान भनेर देश अनुसारकै लुगा बनाउन दिने प्रबन्ध गर्छन् । काशीबाट फर्केपछि पृथ्वीनारायण शाहले कालु पाँडेलाई खरखजनाको प्रयोग गर्न र सेनाहरूलाई तालिम दिन आदेश दिन्छन् । कालु पाँडे, विराज वखेती, शिवरामसिंह वस्नेत जस्ता व्यक्तिहरू मिली पृथ्वीनारायण शाहको एकीकरण अभियानलाई सघाउन हाँसी हाँसी प्राण अर्पण गर्न पनि तयार हुन्छन् । स-साना राज्यहरू एक आपसमा झै झगडा गर्ने र तिनमाथि विदेशीहरूले पनि आँखा गाडेका हुनाले उनी सबैलाई एकै ठाउँमा गाभेर एक विशाल देश बनाउन चाहान्छन् । पुरानो बाटोबाट नुवाकोट आक्रमण गर्दा हार भएकाले पृथ्वीनारायण

शाहले नयाँ जुक्ति निकाल्छन् । उनको जुक्ति अनुसार भेष वदली सामरी खोलाको छेउमा पहिरो खोपेर खिनचेतको जग्गा बिराउने निहुँ पारी कुलो खन्न लगाउने र त्यही बाटो गरी सिपाहीहरूलाई नुवाकोटको इलाकाभित्र पस्न आदेश हुन्छ । सोही आदेश अनुसार अमरसिंह थापाले व्यवस्था मिलाउँछन् । कुलानन्द झाले निकालेको साइत अनुसार सबै सेनाहरू युद्ध स्थलमा पुगेर अचानक नुवाकोटमाथि आक्रमण गर्छन् । यस्तो अचानक भएको आक्रमणबाट नुवाकोटहरूको हार हुन्छ ।

### ४.५.२.२ पात्र

#### क. प्रमुख पात्र

#### श्री ५ महाराजधिराज पृथ्वीनारायण शाह

पृथ्वी नारायण शाहको व्यक्तित्व असाधारण छ । यिनी जन्मजात रूपमा नै शुर वीर र बुद्धिमान छन् । पृथ्वीनारायण शाहका बाबुले दुई पटक सम्म हमला गर्दा पनि हात नपारेको नुवाकोटलाई उनले हात पारेका छन् । आफ्नो देश सानो र कमजोर भएता पनि उनले आफ्नो देशलाई बलियो बनाउन बिसे जस्ता दमाइको पनि सहायता लिएका छन् । उनले आफ्नो राज्यको सिपाहीलाई मजबुत पार्नको लागि काशिबाट हातहतियार ल्याएर तालिम दिन्छन् । उनी सम्पूर्ण नेपालीप्रति कति चासो राख्छन् भन्ने कुरा यसबाट प्रष्ट हुन्छ । जस्तैः

श्री ५ महाराजधिराज - अझ म त भन्छु गोरखाको हार जीतले गोरखाको निर्णय मात्रै होइन, नेपाल उपत्यकाको भाग्यको निर्णय मात्रै होइन, सम्पूर्ण पहाडी भेगको भाग्यको पनि निर्णय गर्ने छ ।

यस्तै उनले सम्पूर्ण राज्यलाई जितेर आफू खुसी प्रयोग गर्न होइन उनले त हाम्रो पहाडी भेगका राज्यहरू स-साना टुक्राहरूमा रहुन्जेल शान्ति र विकास नहुने र हाम्रो देशका जातिय संस्कृतिको पनि सुरक्षा नहुने भएकाले उनले एकीकरण

अभियान थालेका हुन । पृथ्वीनारायण शाहकै जुक्ति अनुसार नुवाकोट माथि विजय भएको छ ।

**ख) सहायक पात्र**

**कालु पाँडे**

कालु पाँडे यस एकाङ्कीमा सहायक पात्र हुन् । उनी एक देशभक्त र राजभक्त व्यक्ति हुन् । उनले पृथ्वीनारायण शाहको नुवाकोट जीत्ने मनसायलाई सघाउन आफ्नो ज्यानको पनि बाजी थापेर लडेका छन् । कालु पाँडेले पृथ्वीनारायण शाहको एकीकरण अभियानलाई टेवा पुऱ्याएका छन् ।

**विराज बखेती**

प्रस्तुत एकाङ्कीमा विराज बखेती पृथ्वीनारायण शाहको सहयोगी चरित्रको रूपमा उपस्थिति भएका छन् । उनले नेपाल एकीकरण अभियानलाई सघाउन लागी परेका व्यक्तित्व हुन् । उनी विदेशीहरूबाट भारतमाथि विस्तार गरिन लागिएको दवावको असर हामीमाथि पर्नसक्छ त्यसैले सचेत भएर बस्नुपर्छ भन्ने व्यक्तित्व हुन् ।

**ग. गौणपात्र**

यस एकाङ्कीमा गौण पात्रका रूपमा शिवरामसिंह बस्नेत, चन्द्रप्रकाश शाह, तुला शाह, गुणनिधि पन्त, महेश्वर पन्त, झागल गुरुङ, शंखमणि शनार सिपाहीहरू रहेका छन् ।

**४.५.२.३ संवाद**

एकीकरणको पहिलो अभियान एकाङ्कीको संवाद सरल, सहज, आकर्षण र प्रभावात्मक किसिमको रहको छ । यस एकाङ्कीमा गद्य भाषाको प्रयोग भएको छ ।

पात्र अनुसार यसको संवाद स्वाभाविक रहेको छ । मुख्य पात्रले आफ्नो देशप्रति गरेको चिन्ता संवादमा सरल रूपमा प्रयोग भएको छ ।

### ४.५.२.४ द्वन्द्व

एकीकरणको पहिलो अभियान एकाङ्कीलाई हेर्दा यसमा खास गरी बाह्य द्वन्द्व नै प्रबल रूपमा आएको छ । यहाँ गोरखा राज्य र मकवानपुरका बीचमा द्वन्द्व देखिन्छ । गोरखाले मकवानपुर माथि दुई पटक हमला गर्दा पनि हार भएको छ । त्यस्तै मकवानपुरले दुई पटकसम्म गोरखालीलाई धपाउँदा उसको मनोबल उच्च भएको छ । पृथ्वीनारायण शाहमा आन्तरिक द्वन्द्व पनि रहेको छ । दुई पटक सम्म मकवानपुर माथि हमला गर्दा देशको आर्थिक स्थिति कमजोर भएको छ साथै देशमा हातहतियार प्रशस्त नभएको र सिपाहीहरू पनि तालिम प्राप्त नभएका हुनाले पृथ्वीनारायण शाहलाई कसरी यी सबै कुराको प्रबन्ध मिलाउने भन्ने कुराको मनोद्वन्द्व रहेको छ । त्यस्तै कालु पाँडेलाई पनि कसरी कमवानपुर माथि विजय हासिल गरी पृथ्वीनारायण शाहको एकीकरण अभियानलाई सहयोग पुऱ्याउने भन्ने कुराको द्वन्द्व रहेको छ । समग्रमा प्रस्तुत एकाङ्कीमा आन्तरिक र बाह्य दुवै द्वन्द्व रहेता पनि बाह्य द्वन्द्वनै प्रबल रूपमा रहेको छ ।

### ४.५.२.५ देशकाल वातावरण

यस एकाङ्कीको देश मुख्यतया पृथ्वीनारायण शाहको गोरखा दरबार, सामरी खोला, त्रिशूलीको किनार आदि रहेको छ । कालगत रूपमा यसमा पृथ्वीनारायण शाहले विजय अभियान चलिरहेको समयको चित्रण रहेको छ । त्यस्तै यस एकाङ्कीमा गोरखालीहरू एक आपसमा मकवानपुर माथि कसरी लड्ने कस्तो तरिकाले युद्ध गर्दा जित्न सकिन्छ भन्ने ऐतिहासिक सामाजिक यथार्थ स्थितिको वातावरण छ ।

#### ४.५.२.६ भाषाशैली

साधारण बोलचालको भाषा प्रयोग गरिएको प्रस्तुत एकाङ्कीको भाषिक प्रयोग उत्कृष्ट रहेको छ । यहाँ गद्य भाषा छ । यस एकाङ्कीमा दरबारीयाहरूलाई प्रयोग गरिने हुकुम बाहुली जोर्नु, महाराज, महारानी जस्ता शब्द प्रयोग भएका छन् । शैलीका दृष्टिले यो एकाङ्की सरल छ ।

#### ४.५.२.७ उद्देश्य

प्रस्तुत एकाङ्कीमा पृथ्वीनारायण शाहकालीन समयमा एउटा राज्यले अर्को राज्यमाथि आक्रमण गर्ने हुँदा विदेशीहरूले साना राज्यमाथि आक्रमण गर्ने योजना बनाइरहेका हुन्छन् । यस्तो अवस्थामा पृथ्वीनारायण शाहले राज्यलाई एउटै शुत्रमा बाध्ने जर्मको गरेका हुन्छन् । यसरी आफ्नो अस्तित्व बचाउन एक जुट भएर लाग्नु पर्छ भन्ने भावना नै यस एकाङ्कीको प्रमुख उद्देश्य हो ।

#### ४.५.२.८ अभिनेयता

सीमित पात्र संख्या, मझौला आकृति र गोरखा दरबारको परिवेशमा आवद्ध र थोरै सामाग्रीहरूको माग गर्ने प्रस्तुत एकीकरणको पहिलो अभियान एकाङ्की अभिनयनका दृष्टिले सफल रहेको छ । केही ठाउँका लामा संवाद प्रयोग साथै लडाइको दृश्य सहजै देखाउन नसकिने हुनाले केहि दुरुह बन्न पुगेको छ । समग्रमा बाह्य द्वन्द्व प्रधान प्रस्तुत एकाङ्की जे जति कमजोर भएता पनि अभिनयका लागि उचित भएको भेटन सकिन्छ ।

### ४.५.३ तिलङ्गा एकाङ्कीको विश्लेषण

#### ४.५.३.१ कथानक

तिलङ्गा एकाङ्कीको कथावस्तु ऐतिहासिक रहेको छ । यस एकाङ्कीको कथावस्तु अनुसार देशमा युद्ध भइरहेको हुन्छ । दुई बूढाहरू गाउँको चौतारोमा बसेर

कुरा गरिरहेका हुन्छन् । त्यस्तै गाउँका ठिटाहरू पनि आपसमा खेलिरहेका हुन्छन् । बूढाहरू आफू सानो भएदेखिनै देशमा युद्ध भएको कुरा गर्छन् । आफ्नै आमा बाबु र गाउँलाई माया गर्नेले ठिटाहरू आमाबाबु साथीभाई र गाउँ छाडेर लड्न नजाने भन्छन् तर दुवै बुढाहरूले ठिटाहरूलाई आफ्नो आमाबाबु र गाउँलाई माया गर्नेले देशलाई पनि माया गर्नुपर्छ भनी सम्झाउछन् । साथै आफूले खेल्ने र पसिना गरी कमाई खाने ठाउँलाई दुश्मनको आँखा लाग्न दिन हुन्न भनी ठिटाहरूलाई उपदेश दिन्छन् । यती नै बेला भक्ति थापा त्यहाँ आइपुग्छन् र उनले यस्तो समयमा हामीले आफ्नो देशको रक्षार्थ निमित्त चनाखो भई बस्ने बेला आएको छ भनेर बुढाहरूलाई भन्छन् । भक्ति थापाका कुरा सुनेपछि ठिटाहरू पनि उनको पछि लाग्छन् । भक्ति थापा चौतारोबाट गएपछि पहिलो, दोस्रो, तेस्रो र चौथो गाउँलेले उनको वीरताको वर्णन गर्छन् । भक्ति थापाको उमेर सुन्दा यिनले के गरिहाल्लान र भन्ने जस्ता छन् तर यिनको हिडाइ, डुलाइ, बोलाइ सुन्दा त जो सुकै पनि यिनको अगाडि साग जस्तै गलिहाल्छन् भनेर ठिटाहरू भक्ति थापाको गुणगान गाउँदै यस्तै मानिसको नै कालान्तरसम्म अरुले सुन्ने सुनाउने गर्छन् । त्यहि समयमा अमरसिंह थापा आइपुग्छन् । उनले अब फेरी हामी सबै नेपाली एक भई आफ्नो देशमा आइपरेको कुनै पनि संकटमा जुट्न सक्यौं भने हामीलाई कसैले टाउको उठाएर हेर्नसम्म पनि सक्दैन भनी भन्दछन् । त्यसकारण हामी बूढा, ठिटा सबैलाई जागरुक हुन आग्रह गर्दछन् साथै रणबहादुर शाहबाट पनि भक्ति थापा, अमरसिंह थापा जस्ता व्यक्तिहरूमाथि विश्वास भएको हुनाले उनीहरू देशको लागि प्राणको बाजी राखेर देशको रक्षा गर्ने बाचा गर्छन । सिपाही जवान, सरसामान, खरखजानाको प्रबन्ध मिलेपछि गडवालमाथि आक्रमण गर्दछन् । तिलङ्गाहरू उच्च स्वरमा फुर्तिका साथ लड्दछन् । यत्तिकैमा पहिलो गाउँलेलाई गोलो लागि पाखुराबाट रगत बग्दछ तर पनि ऊ हरेश खाँदैन र अन्त्यमा गडवालामाथि विजय गरिछाड्छन् ।

**४.५.३.२ पात्र**

**क. प्रमुख पात्र**

**भक्ति थापा**

भक्ति थापा यस एकाङ्कीका नायक हुन् । आज श्री ५ रणबहादुर शाह सरकारबाट हामीलाई सम्पूर्ण देश स्वार्थ विश्वास बक्स्यो, साहस बक्स्यो । तसर्थ हामीले बहादुरीका साथ लडी आफ्नो देशलाई अमर पार्न प्राणको बाजी थाप्नुपर्छ भन्ने विचार राख्छन् । भक्ति थापा हामी गोर्खालीहरूले जहाँ जँहा खुकुरी उठाई जाइलागेका छौ त्यहाँ त्यहाँ हामीले विजय ध्वजा फर्फराएका छौ भने आफ्नो भावना पोख्दछन् ।

**ख. सहायक पात्रहरू**

**अमरसिंह थापा**

अमरसिंह थापा यस एकाङ्कीका सहायक पात्र हुन् । उनी एक कुशल वीरयोद्धा तथा देशभक्ति भएका व्यक्तित्व हुन् । उनी रणबहादुर शाहबाट दिएको साहस र विश्वासलाई जसरी पनि पूरा गर्नुपर्छ भन्ने व्यक्तित्व हुन् । उनले आफ्ना देशका सेना युवकलाई हौसला बढाएर आफ्नो देशको लागि लड्न प्रोत्साहित पारेका छन् ।

**पहिलो बुढो**

पहिलो बुढो यस एकाङ्कीमा सहायक पात्रका रूपमा आएका छन् । उनले आफ्नो देश त्यस्तै देशमा भएको युद्धप्रति वास्तानै नगर्ने ठिटाहरूलाई सिर्जनात्मक तरिका अपनाएर सबै मिली काम गर्नुपर्छ भन्ने भावना जगाइदिएका छन् । उनी हामीले यस देशमा जन्मेपछि यस देशको सेवा पनि गर्नुपर्छ भन्ने व्यक्तित्व हुन् ।

### ग. गौण पात्रहरू

यस एकाङ्कीको कार्य व्यापारका दृष्टिले गौण पात्रीय भूमिका निर्वाह गर्ने पात्रहरूमा पहिलो गाउँले ठिटो, दोस्रो बुढो, दोस्रो गाउँले ठिटो, दोस्रो गाउँले, तेस्रो गाउँले, चौथो गाउँले, सूरमर्दन मल्ल, चाँगुनारायण मल्ल रहेका छन् ।

### ४.५.३.३ संवाद

तिलङ्गा एकाङ्कीमा सहज स्वाभाविक संवाद प्रयोग छ । साधारण बोलचालको गद्य भाषाको प्रयोग यस एकाङ्कीको संवादगत पहिचान हो । प्राय सबै पात्रहरूको संवादमा देशप्रति भक्ति भावना रहेको छ ।

### ४.५.३.४ द्वन्द्व

प्रस्तुत तिलङ्गा एकाङ्कीमा बाह्य द्वन्द्वका साथै आन्तरिक द्वन्द्वको प्रयोग भए पनि बाह्य द्वन्द्व नै प्रवल रूपमा आएको छ । नेपालीहरू र गढवालको बीच बाह्य द्वन्द्व रहेको छ । नेपालीहरू गढवालमाथि आक्रमण गरी आफ्नो कब्जामा पार्न चाहन्छन् । त्यस्तै गढवालका जनताहरू पनि नेपालमाथि आक्रमण गरी आफ्नो अधिनमा पार्न चाहन्छन् । प्रस्तुत एकाङ्कीका पात्र बुढाहरू ठिटाहरूलाई रणभूमिमा जान उक्साउछन् तर ठिटाहरू चाहिँ आफ्नै घरमा बस्ने र युद्ध गर्न नचाहने कुरा गर्छन् । त्यसैले यिनीहरूका बीचमा पनि द्वन्द्व रहेको छ । सिपाही, जवान, बूढाबुढी, ठिटाठिटी सबैलाई गढवालमाथि कसरी सफलता प्राप्त गर्न सकिन्छ भन्ने मनोद्वन्द्व रहेको छ । त्यसैले यो तिलङ्गा एकाङ्की द्वन्द्वका दृष्टिले सफल रहेको मान्न सकिन्छ ।

### ४.५.३.५ देशकाल, वातावरण

यस एकाङ्कीमा रण बहादुर शाहकालीन समयको नेपाली समाजमा भएको युद्ध, लडाई र मध्यमवर्गीय पारिवारिक परिवेश र त्यसका यथार्थलाई प्रस्तुत गरिएको छ ।

### ४.५.३.६ भाषाशैली

तिलङ्गा एकाङ्कीमा सरल, सहज भाषाशैलीको प्रयोग गरिएको छ । साधारण बोलीचालीको गद्य भाषाको साथै झर्रा नेपाली शब्दहरू आएका छन् । लामा लामा संवादले भाषाशैली केही दुरुद्ध बन्न पुगेको छ ।

### ४.५.३.७ उद्देश्य

यस एकाङ्कीको प्रमुख उद्देश्य हाम्रा देशका वीर योद्धाहरूले हाम्रो देशलाई कसरी शक्तिशाली बनाए भन्ने कुरालाई देखाउन खोजीएको छ । नेपालीहरू कसरी आफ्नो घर परिवारलाई त्यागेर आफ्नो देशको एकीकरणमा टेवा दिन अर्थात आफ्नो प्राणको बाजी राखेर युद्ध गरे भन्ने देखाउन खोज्नु नै यस एकाङ्कीको प्रमुख उद्देश्य हो ।

### ४.५.३.८ अभिनेयता

यस तिलङ्गा एकाङ्कीमा छोटो आकृति सीमित पात्र संख्या दृश्यका रूपमा चौतारी, गडवाल आदिको परिवेशमा आवद्ध एकाङ्की अभिनयका दृष्टिले सफल छ । सरल बोलचालको भाषा प्रयोग भएतापनि लामा संवादले अभिनयमा केही अप्ठ्यारो हुन पुगेको छ । समग्रमा प्रस्तुत एकाङ्की अभिनयका दृष्टिले यो सफल रहेको छ ।

### ४.५.४ नालापानी दुर्ग एकाङ्कीको विश्लेषण

#### ४.५.४.१ कथावस्तु

नालापानी दुर्ग एकाङ्कीको कथावस्तु बलभद्र र नेपालीहरूले कसरी फिरङ्गीहरूसँग युद्धमा विजय प्राप्त गरे भन्ने विषयवस्तुमा आधारित रहेको छ । यस एकाङ्कीको पात्र बलभद्र कुँवर हुन् । जसले आफ्नो देशको रक्षाको लागि आफ्नो प्राण समेत बाजी राखेर नेपालीको रक्षा गरेका हुन्छन् ।

यसको कथानक अनुसार देहरादुन भन्दा अढाई कोष टाढा रहेको नालापानीको थुममा निर्मित एउटा सानो दुर्गको रक्षा गर्न बालक बालिका, युवक, युवती, वृद्ध महिला सबैले आफ्नो प्राणको बाजीलगाई वीर बलभद्र कुवँरको साथ दिइरहेका थिए । फिरङ्गीहरूले नालापानीको थुममा उक्ली आक्रमण गर्ने कैयौ कोशिश गरे तोपको गोलाले थुम उडाए तर वीर बलभद्र कुवँरले हरेर खाएनन् । दुश्मनले थुमको रक्षा गर्न बसेका देशभक्त नेपालीहरूको खलंगा विजय गर्न एक महिना भन्दा बढी समयसम्म घेरिराखे तर बलभद्र कुवँर, बालक, बुढा, युवक अनि आइमाइहरूको उत्साहपूर्ण प्रत्याकर्मणको सामना गर्न कठिन परिरहेको थियो । फिरङ्गीहरूले दुर्गमा जाने पानीको कुलो थुनिदिए । यो फिरङ्गीहरूको कायरता र निष्ठुरता थियो तर पनि वीर नेपालीको हिम्मत डगाउन सकेनन् । पानीखान नपाई छटपटाए तर आत्म समर्पण गरेनन् । अन्त्यमा जिलेस्पीको मृत्यु भयो र फिरङ्गीहरू भागे ।

यसप्रकार यस एकाङ्कीमा नेपालीहरूको पक्षमा धेरैजनाको मृत्यु भए तापनि उनीहरूले हिम्मत गरेर र भोक प्यास दुवैले व्याकुल भएर छटपटाए तापनि फिरङ्गीहरूलाई भगाएरै छाडे ।

### ४.५.४.२ पात्र

### क. मुख्य पात्र

### बलभद्र कुवँर

प्रस्तुत नालापानी दुर्ग एकाङ्कीको नायक बलभद्र कुवँर हुन् । उनी एक देशभक्त व्यक्तित्वका रूपमा देखा पर्छन । उनी आफ्नो देशको रक्षार्थ निमित्त प्राण दिनसक्ने व्यक्ति हुन् । फिरङ्गीहरूले उनलाई हामीसँग लडाई गर्ने जिद्दी छाडेमा तिम्रो माग पूरा गरि दिन्छौं भनी लोभ लालच देखाउँछन् तर उनी यस्ता शक्तिसँग विचलित हुने व्यक्ति होइनन् । जस्तैः तिमी यो किल्लालाई चारैतिरबाट घेरेर यसलाई तोप र बन्दुकले घुलोपीठो पार, त्यसले मेरो आत्मा, यी नेपालीहरूको आत्मा डगाउन सक्दैन । तिमी फिरङ्गीहरूले मलाई नेल हतकडी लगाई आफ्नो अधीन गर, मेरो यो शरीर तिम्रो अधीन होला तर यो आत्मा अधीन हुन सक्दैन ।

### ख. सहायक पात्रहरू

### बालक

बालकलाई यस एकाङ्कीमा सहायक भूमिका निर्वाहका लागि उपस्थित गराइएको छ । ऊ आफू सानै भएतापनि फिरङ्गीहरूलाई लखेट्न निकै सहयोग गर्छ साथै उसले बलभद्रलाई रण शिक्षा दिन आग्रह गर्छ । ऊ एक निडर र स्वाभिमानी बालक पनि हो । बृद्धाले खानेकुरा खान आग्रह गर्दा पनि उसले त्यो खानेकुरा आफ्ना साना भाई बहिनीलाई दिन आग्रह गर्दछ । त्यस्तै अहिले शत्रुले चारैतिरबाट घेरिरहेका हुनाले भोक नलागेको कुरा गर्छ । त्यसैले उ एउटा देशभक्त बालक हो ।

### वृद्ध

वृद्ध पनि यस एकाङ्कीमा सहायक भूमिका निर्वाह गर्न उपस्थित छन् । उनी एक पाका र वृद्ध व्यक्तिका रूपमा रहेका छन् । उनले बलभद्र कुवँर र अन्य

नेपालीहरूलाई जोशमा नआउन र धैर्य लिएर शत्रुलाई परास्त गर्न हौसला दिएका छन् ।

**ग. गौणपात्रहरू**

यस एकाङ्कीमा वृद्धा, एक सिपाही, अर्को सिपाही, वृद्ध महिला, एक युवक, घाइते युवक, बुढी जस्ता पात्रहरू गौण भूमिका निर्वाह गर्न उपस्थित छन् । उनीहरू युद्ध गर्न र आफ्नो देशको रक्षा गर्न बलभद्र कुवँरलाई प्राणको बाजी थापेर सघाएका छन् ।

**४.५.४.३ संवाद**

नालापानी दुर्ग एकाङ्कीको संवाद सहज स्वभाविक गद्य भाषामा छ । यस्तो सहज स्वाभाविक भाषालाई विशिष्ट तुल्याउँदै संवादका माध्यमबाट नाटकीय कार्यव्यापारलाई अगाडि बढाइएको छ । पात्रको स्तर अनुरूप संवाद प्रयोग र परिवेशगत यथार्थताको झ-झल्को उतार्ने संवाद यस एकाङ्कीको संवादीय विशेषता बन्न पुगेको छ ।

**४.५.४.४ द्वन्द्व**

प्रस्तुत एकाङ्कीमा बाह्य द्वन्द्वका साथै आन्तरिक द्वन्द्वको पनि प्रयोग भए तापनि बाहृय द्वन्द्व नै प्रबल रूपमा आएको छ । यहाँ फिरङ्गीहरू र नेपालीहरूका बीच बाहृय द्वन्द्व रहेको छ । नेपालीहरू भने फिरङ्गीहरूलाई नालापानी दुर्गबाट लखेट्न चाहन्छन् र नालापानी दुर्गलाई आफ्नो अधीनमा पार्न चाहान्छन् । त्यस्तै बलभद्र र जनरल जिलेस्पीका बीच पनि घोर द्वन्द्व रहेको छ । बलभद्रमा आन्तरिक द्वन्द्व पनि रहेको छ । उनको मनमा द्वन्द्व भएकै कारण आफू एक्लै आवेशमा आएर फिरङ्गीहरूलाई गाली गर्दछन् । त्यस्तै उनी कसरी रणभूमिमा रसद पानीको अभाव पूरा गर्ने भन्ने सोचमा परेका छन् । यहाँ उपस्थित पात्रहरू वृद्ध, वृद्धा, सिपाहीहरू

सबैले नालापानी माथि फिरङ्गीहरूले विजय प्राप्त गर्ने हुनकी भन्ने मनोद्वन्द्व रहेको छ । त्यसैले यो 'नालापानी दुर्ग' एकाङ्की द्वन्द्वका दृष्टिले सफलै छ ।

### ४.५.४.५ देशकाल वातावरण

यस एकाङ्कीमा मुख्यतया नालापानी दुर्ग देशको रूपमा आएको छ । त्यस्तै बलभद्र कुवँरको समयको यथार्थ चित्रण छ । वातावरणीय दृष्टिले यस एकाङ्कीमा बलभद्र कुवँर लगायत नेपालीहरूले एक आपसमा मिलेर पानीको मुहान थुन्दा पनि नालापानी दुर्गमा कसरी बसेका थिए भन्ने ऐतिहासिक सामाजिक यथार्थ स्थितिको चित्रण छ ।

### ४.५.४.६ भाषाशैली

नालापानी दुर्ग एकाङ्की सरल, सहज र बोधगम्य छ । यस एकाङ्कीमा आएका पात्र अनुकूल भाषाको प्रयोग भएको छ साथै साधारण बोलचालको गद्य भाषा रहेको छ । लामा लामा संवादले यसको भाषाशैली केही जटिल रहेको छ । पोजिशन, लेफ्टिनेन्ट जस्ता अंग्रेजी शब्दहरूको प्रयोग पनि भएको छ । त्यस्तै वर्णनात्मक शैलीको प्राधान्य रहेको छ ।

### ४.५.४.७ उद्देश्य

नालापानी दुर्ग एकाङ्कीमा बलभद्र र नेपालीहरूले के कसरी वीरता देखाए भन्ने कुरालाई देखाउन खोजिएको छ । नालापानीको थुममा निर्मित एउटा सानो दुर्गको रक्षा गर्न बालक, बालिका, युवक, युवती, वृद्ध, महिला सबैले आ-आफ्नो प्राणको बाजी लगाई वीर वलभद्र कुवरको साथ दिएका थिए । फिरङ्गीहरूले दुर्गमा जाने पानीको कुलो थुनिदिए । नेपालीहरूले पानी खान नपाइ छटपटाए तापनि आत्मसमर्पण गरेरनन् । अन्त्यमा फिरङ्गीहरूलाई भगाई छाडे । यसरी नेपालीहरूले नालापानी दुर्गमा के कस्तो साहास देखाएर वीरता हासिल गरे भन्ने कुरा देखाउन खोज्नु नै यस एकाङ्कीको प्रमुख उद्देश्य हो ।

### ४.५.४.८ अभिनेयता

यस नालापानी दुर्ग एकाङ्कीमा सीमित पात्र सङ्ख्या, मझौला आकृति र नालापानी दुर्गको परिवेशमा आवद्ध र थोरै सामग्रीहरूको माग गर्ने प्रस्तुत एकाङ्की अभिनयका दृष्टिले सफल रहेको छ । कुनै कुनै ठाउँका लामा संवाद प्रयोग तथा फिरङ्गीहरू र नेपालीहरूको लडाइको दृश्य सहजै देखाउन नसकिने हुनाले केही दुरुह बन्न पुगेको छ । आन्तरिक द्वन्द्वभन्दा बाह्य द्वन्द्व प्रधान प्रस्तुत एकाङ्की जे जति कमजोर भए तापनि अभिनयका लागि उचित रहेको मान्न सकिन्छ ।

## ४.५.६ परिबन्द एकाङ्कीको विश्लेषण

### ४.५.६.१ कथानक

परिबन्द एकाङ्कीको कथावस्तु ऐतिहासिक रहेको छ । यस एकाङ्कीको नायक भीमसेन थापा हुन् । उनले आफ्नो देशप्रति अगाध भक्ति राखेका हुन्छन् । वि.सं. १८९४ सालमा कान्छा युवराजधिराज श्री ५ देवेन्द्रको स्वर्गारोहण जालझेले गर्दा भएको हुन्छ । मुख्तियार रणजंगले आफू सत्तामा जान र आफ्ना पाण्डे खलकलाई दिएको दण्डको सजाय स्वरूप भीमसेन थापामाथि षडयन्त्र गरेका हुन्छन् । देवेन्द्रलाई विष खुवाई मारेको आरोपमा भीमसेन थापालाई जेल हालिएको हुन्छ । रणजंग, कुलराज, इन्द्रवीर थापा जस्ता व्यक्तिहरू मिलेर भित्र भित्रै धाइ सुसारेहरूलाई  मिलाएर उनीहरूले जाल बुन्छन् र जेठी महारानीलाई आफ्नो पक्षमा पार्छन । महाराजधिराज राजेन्द्रलाई पनि उनीहरूले कुरा लगाएर आफ्नो पक्षमा पार्न खोज्छन् तर राजेन्द्रले एकतर्फबाट विश्वास गरेता पनि अर्कोतर्फ उनले भीमसेन थापाजस्तो व्यक्तिले विष खुवाएको कुरा पत्याइहाल्दैनन् । उनी भीमसेन थापाले देशको लागि यत्रो त्याग गऱ्यो तर अहिले के गर्छन् । यही कुराको छलफलको लागि बैठक बसेको हुन्छ । छलफलमा रणजंग, कुलराज, जेठी महारानी, कान्छी महारानी, राजेन्द्र लगायत सबैको उपस्थिति हुन्छ । भीमसेन थापा आफूले विष नखुवाएको कुरा गर्छन् तर रणजंग र जेठा महारानीको जबरजस्ती उनी माथि आरोप लाद्न

खोज्छन् । कान्छी महारानीले सत्यको जीत हुनुपर्छ त्यत्तिकै अन्याय गर्न पाइँदैन भनेपछि भनाभन हुन्छ र त्यस्तैमा कुरा सकिन्छ । भीमसेन थापालाई रणजंगले षडयन्त्र गरेको पहिलेनै थाहा थियो साथै उनलाई चीनका बादशाह सम्म पनि उनको विरोधमा गुप्त पत्र पठाई विरोध गरेको तर आफूले केही नगरेको कुरा राजेन्द्रलाई बताउँछन् । उनी यसको उत्तर इतिहासले बताउने कुरा गर्छन । जेठा महारानीले उनलाई हुँदै नभएको जाली कागजपत्र देख्ने,सुन्ने सबै छन् भनी आरोप लगाउछिन तर कान्छी महारानीले उनको पक्ष लिन्छिन् । भीमसेन थापाका शत्रुहरूले सत्य कुरा पत्ता लाग्ने भयो भन्ने डरले जेलमा नै उनलाई उनकी पत्नीको नराम्रो कुरा लगाइ आत्म हत्या गर्न बाध्य पार्छन् । उनी अन्त्यमा आफ्नो परिवारको त्यस्ता घटना सुनेर खुकुरीले घाटी रेटेर आत्महत्या गर्छन । यसरी यस एकाङ्कीमा भीमसेन थापा कस्तो परिबन्दमा परेर आत्महत्या गर्न बाध्य भए भन्ने कुरालाई देखाइएको छ ।

### ४.५.६.२ पात्र

#### क. प्रमुख पात्र

भीमसेन थापा - भीमसेन थापा यस एकाङ्कीका केन्द्रविन्दु भएकाले उनी यस एकाङ्कीका नायक हुन् । भीमसेन थापा यस एकाङ्कीमा चारैतिरबाट शत्रुरूपी लहराले बेरिएका बृद्धका रूपमा चित्रित छन् । यिनी स्वदेशका निम्ति लडेर बाँच्ने बचाउने बीर हुन तर उनलाई उनका शत्रुहरूले जिस्काउँदै, खेद्दै गरिरहेका छन् । तापनि यिनी सोझो बाटो हिड्ने व्यक्ति हुन । भीमसेन थापा प्रशासक, कुशल र दुरदर्शी राजनीतिज्ञ भए पनि आफ्ना विरोधी पाण्डेहरूलाई दबाउनमा यिनले कठोरता र क्रुरता अपनाएका थिए । यही कारणले गर्दा पनि उनको विपक्षी धेरै वनेका हुन् । वर्षौसम्म पाइ आएको अधिकार, सुविधा खोसिँदा हुनगएका अपमानबाट भीमसेन थापा आन्तरिक रूपबाट निकै विचलित र दुःखी देखिन्छन् तर यिनी राजद्रोही भएका छैनन् । यिनले सरकारको जे इच्छा हुन्छ भनेर रोजच्छामा शिर

नुहाई राजभक्ति प्रकट गरेका छन् । उनी अंग्रेजसँगको युद्धको सारा दोष आफूले कबुल गर्नु आफ्ना मित्र एकदेवलाई विष दिएको झुटो अभियोगमा दण्डित हुन लागेका आफ्ना मित्रलाई निर्दोष देखाई उनका ठाउँमा आफू मारिन तयार हुनु उनका आफ्ना चारित्रिक गुण हुन् ।

यसरी दामोदर पाण्डेको प्राणहरणमा सहभागी हुनु पाण्डे खलकको दमन गरी त्यसलाई शत्रुपक्ष तुल्याउनु आफ्ना शत्रु उठेको थाहा पाएर पनि विशेष सावधान भएर हिड्नाको साटो सोझो तरिकाले हिँडनु, अपरिपक्क राजारानीलाई चिढाउनु उनका दोष हुन पुगेका छन् ।

**रणजङ्ग**

रणजङ्ग यस एकाङ्कीका खलनायक हुन र उनी भीमसेन थापाका मुख्य प्रतिद्वन्द्वीका रूपमा देखा पर्छन । यिनी स्वभावैले कुटिल र क्रुर देखिन्छन् । श्री ५ साम्राज्यलक्ष्मीका कृपाबाट आफ्नो उदय भएपछि श्री ५ कान्छा राजकुमार देवेन्द्रको अस्वस्थताबाट फाइदा लिँदै भीमसेन थापालाई विष खुवाएको अभियोगमा फसाएर प्रतिशोध लिने काम गरेका छन् । भीमसेन थापा र एकदेव झुटो आरोपबाट मुक्त भएको देखेर भित्र भित्रै गुम्सिएका रणजङ्ग पाण्डेले आफू मुख्तियार भएपछि पदको दुरूपयोग गरी कीर्ते कागत खडा गरेर उनीहरूलाई फेरि कैदमा पारेका छन् र यस पटक पनि उनीहरू निर्दोष मानिएर छुट्ने भएको देख्ता कुलराज द्वारा जाली कुरा सुनाउन लगाइ भीमसेन थापालाई आत्महत्या गरेर मार्न बाध्य पारेका छन् ।

राजभक्तको रूप लिएर बसेका रणजंग बदमास भएर निस्कीएका छन् र यिनमा मानवता भन्ने कुरा छैन ।

### ख. सहायक पात्र

### श्री ५ राजेन्द्र

यस एकाङ्कीमा सहायक पात्र श्री ५ राजेन्द्र कच्चा र अपरिपक्क युवकका रूपमा देखिन्छन् । यिनमा आफै सर्वे सर्वा भएर शासन चलाउने प्रबल चाहना छ तर शासन गर्नका लागि चाहिने क्षमताको भने अभाव छ । यिनमा साँचो झुटो छुट्याउन सक्ने अन्तरदृष्टि तथा स्वतन्त्र निर्माण गर्ने क्षमता देखिदैन राजेन्द्रका दुई रानी छन् र यिनी दुवैको चित्त बुझाएर काम गर्न खोज्दछन् । उनले एकातिर भीमसेन थापाको शक्ति घटाई उनलाई प्रभावहीन पारेका छन् भने अर्कातिर थापाले पद त्याग गरी चिनको राजदूत भएर जाने इच्छा प्रकट गर्दा उनी बिना राज्य चल्न सक्तैन भनी उनको महत्व  स्वीकार गरेका छन् । उनले राजकुमार देवेन्द्रको निधनले गर्दा विवेक शुन्य भएका छन् र भीमसेन थापा तथा एकदेव जस्ता राजभक्त वृद्धहरूले निर्दोष बालकको हत्या गराउन सक्छन् भन्ने कुरा पत्याइ जेठा महारानी र रणजंगको हातका कठपुतली भएर आफ्ना भक्तहरूप्रति ठूलो अन्याय गर्न पुग्छन् ।

### श्री ५ साम्राज्यलक्ष्मी

श्री ५ साम्राज्यलक्ष्मी श्री ५ राजेन्द्रकी जेठा बडामहारानी हुन् र यिनी आरम्भदेखि नै भीमसेन थापा र उनका खलकसँगै चिढिएकी अनि पाण्डे खलकप्रति दया र सहानुभूतिले भरिएकी देखिन्छिन् । श्री ५ साम्राज्यलक्ष्मीले कहिले आफूतिर र कहिले कान्छी रानी तिर ढल्कने दोधार प्रकृतिका श्री ५ राजेन्द्रलाई अनुचित काम गर्न उचाली उनलाई एकोहोऱ्याएकी छिन । उनी जसरी भए पनि रणजंगलाई उठाएर भीमसेन र थापाखलकको विनाश गरी सौतालाई शक्तिहिन पारेर आफ्नो हक जमाउन खोज्ने षडयन्त्रकारी महिला हुन् ।

**कुलराज**

कुलराज रणजंगका भतिजा हुन र भीमसेन थापासँग प्रतिशोध लिन यिनी आफ्ना काकाका साथमा एकचित भएर लागेका छन् । यिनले रणजंगद्वारा रचिएको षडयन्त्रलाई कुशलतासाथ सञ्चालन गरी सफल पारेकाले यिनी निकै चलाख छन् भन्ने प्रष्ट हुन्छ ।

**एकदेव**

एकदेव राजवैद्य हुन् र यिनी भीमसेन थापाको मित्र हुन् । यी नेपालका ठूला वैद्य भएकाले निकै प्रतिष्ठित र लोकप्रिय छन् । उनी श्री ५ कान्छा राजकुमार देवेन्द्रका ज्यानमारा हुनु अनौठो कुरा हो । वास्तवमा एकदेव आफ्ना दोषले नभएर भीमसेन थापाका मित्र हुनाका नाताले नै उनी ज्यान मार्ने अभियोगमा दण्डित भएका छन् ।

**श्री ५ राज्यलक्ष्मी**

श्री ५ राज्यलक्ष्मी श्री ५ राजेन्द्रकी कान्छी महारानी हुन् । यिनलाई भीमसेन थापा र थापा खलकप्रति सहानुभूति छ । यिनमा पनि सौतेनी डाहा छ र यिनी पनि पतिलाई आफ्नै प्रभावमा राख्न चाहन्छिन् । भीमसेन थापा आदिलाई बचाउन हरसम्भव प्रयास गरेता पनि यिनले सकेकी छैनन् ।

**४.५.६.३ संवाद**

प्रस्तुत एकाङ्कीमा भएको संवाद सरल, सहज, मार्मिक, प्रभावात्मक किसिमको रहेको छ । दरबारीयाहरूले बोल्ने गद्य भाषाको प्रयोग छ । पात्रीय स्तर अनुरूप संवाद प्रयोग र यथार्थताको झ-झल्को उतार्ने संवाद प्रयोग भएको भेटिन्छ ।

### ४.५.६.४ द्वन्द्व

परिबन्द एकाङ्कीमा खास गरि शासनसत्तामा आफ्नै मात्र प्रभुत्व स्थापित गर्न चाहने राजनीतिक शक्तिहरूको युद्धस्थल हो । यसमा सम्बन्धित राजनीतिक शक्तिहरू सत् र असत् वा नैतिक र अनैतिक शक्ति समूहमा विभाजित भएर द्वन्द्व गर्दछन् । द्वन्द्वको शुरुवात थापाखलक र पाण्डेखलकका बीचको शत्रुताले नै गरेको भए पनि आ-आफ्ना स्वार्थले गर्दा अन्य शक्तिहरू पनि यसमा रहेका छन् । राजेन्द्र आफू शासनको नेतृत्व स्वयमले लिने अभिलाषाबाट प्रधानमन्त्री वा मुख्तियारको अधिकार सीमित पारेर भीमसेन थापाको शक्ति घटाउन सक्रिय हुन्छन् । यसकारणले यहाँ राजा राजेन्द्र र भीमसेन थापाका बीच पनि द्वन्द्व नै देखिन्छ । यस्तो अवस्थामा सत्तामा आ-आफ्नो वर्चस्व कायम गर्न साम्राज्यलक्ष्मी र राज्यलक्ष्मीको सौतेनी द्वन्द्व पनि रहेको छ । साम्राज्यलक्ष्मी पाण्डे खलकका पक्षमा लागि पाण्डेहरूलाई अघि सार्दछिन भने भीमसेन थापाको राजनीतिक अस्थित्वमा आफ्नै राजनीतिक भविष्य निर्भर देख्ने राज्यलक्ष्मी हासोन्मुख भइसकेका भीमसेन थापाका पक्षमा लागि उनलाई राजकृपाबाट वञ्चित हुन नदिने प्रयासमा लाग्दछिन् । राजेन्द्र भीमसेन थापाको महत्व बुझी उनलाई पदच्यूत गर्दैनन तापनि पाण्डेहरूलाई हातमा लिएर असिमित अधिकार सीमित पार्दछन् । यसबाट रणजंग शत्रुसित प्रतिशोध लिन सक्रिय बन्दा द्वन्द्व चर्कन जान्छ । राजकुमार देवेन्द्रको मृत्युको खास कारण पत्ता लगाउन नसक्दा श्री ५ राजेन्द्र रणजंग र उनका पक्षको छलकटपपूर्ण असत र भीमसेन थापा पक्षीय शक्तिको पक्ष लिनेका बीचमा पनि द्वन्द्व छ ।

यस परिबन्द एकाङ्कीप्मा बाहिरी द्वन्द्वको प्रबलता भए पनि व्यक्ति पात्रहरूका मनमा चल्ने अर्न्तद्वन्द्व पनि रहेको छ ।

### ४.५.६.५ देशकाल, वातावरण

यस परिबन्द एकाङ्कीमा ऐतिहासिक स्थितिको यथार्थ घटना प्रस्तुत गरिएको छ । यस एकाङ्कीमा मुख्यतया जेलको पुरानो कोठा र दरबार जस्ता ठाउँहरू देश बन्न पुगेका छन् । कालगत रूपमा नेपाली इतिहासको वि.सं. १८९४ तिरको घटना रहेको छ । राजेन्द्र, भीमसेन थापा, पाण्डेखलकका बीचमा आफ्नो हातमा शासन सत्ता कसरी पार्ने भन्ने खिचातानी भएको समयको यथार्थ चित्रण छ । वातावरणीय दृष्टिले यस एकाङ्कीमा राजाको दोधारे प्रवृत्ति र पाण्डेखलकको दुष्ट्याइले गर्दा देश, समाज बर्बादीको संघारमा पुगेको र जीवन जस्तो अमूल्य चीज समेत अर्थहीन बन्दै दयनीय रूपमा अघि बढेको छ । यहाँ ऐतिहासिक समाजिक यथार्थ स्थितिको वातावरणीय चित्रण गरिएको छ ।

### ४.५.६.६ भाषाशैली

साधारण बोलीचालीको गद्य भाषा प्रयोग र झर्रा नेपाली शब्दको प्रयोग भएको छ । यस एकाङ्कीमा आएका पात्र अनुकूल भाषाको प्रयोग भएको छ । यसको भाषामा बेकुफी, जरुरै, इन्कार जस्ता हिन्दी शब्दको प्रयोग भएका छन् । त्यस्तै वर्णनात्मक शैलीको प्राधान्य रहेको छ ।

### ४.५.६.७ उद्देश्य

परिबन्द एकाङ्कीमा दरवारमा भएको लुछातानीले भीमसेन थापालाई कसरी आत्महत्या गर्न बाध्य बनाए भन्ने कुरालाई देखाउन खोजिएको छ । यहाँ भीमसेन थापा एक राजभक्त र देशभक्त भए तापनि पाण्डे खलकको जालझेलले गर्दा उनलाई त्यतिकै राजकुमार देवेन्द्रलाई विष खुवाएको आरोप लगाई फन्दामा पारिएको छ । यसरी यस एकाङ्कीमा पाण्डेहरूले भीमसेन थापालाई कसरी परिवन्दमा पारे भन्ने कुरालाई देखाउन खोज्नु नै यस एकाङ्कीको प्रमुख उद्देश्य हो ।

### ४.५.६.८ अभिनेयता

परिवन्द एकाङ्कीमा सीमित पात्र सङ्ख्या, मझौला आकृति र दरवार, भीमसेन थापालाई राखिएको जेलको कोठाको परिवेशमा आबद्ध र थोरै सामग्रीहरूको माग गर्ने प्रस्तुत एकाङ्की अभिनयका दृष्टिले सफल रहेको छ । लामा लामा संवादको प्रयोग, भीमसेन थापाले आत्महत्या गरेको दृश्य सहजै देखाउन नसकिने हुनाले केही दुरुह बनेको छ । समग्रमा परिबन्द एकाङ्की अभिनयका दृष्टिले सफलै रहेको मान्न सकिन्छ ।

## ४.६ नेपाली रङ्गमञ्च भित्रका लेखहरूको अध्ययन

प्रचण्ड मल्लद्वारा लिखित नेपाली रङ्गमञ्च (२०३७) लेखहरूको सङ्ग्रह हो । यसमा पाँच वटा लेखहरू सङ्कलित छन् । ती हुन् : नाट्यकलाको प्रादुर्भाव, रङ्गमञ्चीय कलाको विकास, लिच्छवीकाल, मल्लकाल र शाहकाल हुन् । यी मध्ये पनि मल्लकालभित्र (क) भक्तपुर (ख) काठमाडौँ (ग) पाटनलाई भिन्नाभिन्नै उपशीर्षक दिएर छुट्टाइएको छ । त्यस्तै 'शाहकाल' भन्ने लेखमा पनि (क) नाटककार मोतिराम भट्ट तथा अरु नाटककारहरू (ख) नाटककार श्री लेखनाथ पौडेल (ग) श्री बालकृष्ण सम (घ) नाटक-निर्देशक श्री सम (ङ) अभिनेता श्री रत्नदास प्रकाश (च) स्वर्गीय श्री ५ महेन्द्रका शासनकालमा नाट्यकलाको विकास भन्ने उपशीर्षकहरू रहेका छन् ।

प्रचण्ड मल्लले यस लेख सङ्ग्रहका लेखहरूमा विश्व मै नाट्कलाको शुरुवात के कसरी भयो र पश्चिमी मुलुकबाट नेपालमा पनि कसरी प्रभाव पर्दै गयो भन्ने कुरालाई व्यक्त गरेका छन् । त्यसपछि नेपालमा पनि नाट्यकलाको विकास लिच्छवीकाल, मल्लकाल र शाहकाल हुँदै आजको अवस्थामा कसरी आइपुग्यो भन्ने कुरालाई देखाएका छन् । यस्तै यी विभिन्न कालखण्डमा के कस्ता नाटककार र रङ्गमञ्चहरूको उदय भयो र तिनीहरूले नाट्यक्षेत्रमा कस्तो योगदान दिए भन्ने

कुरालाई समेत प्रष्ट्याएको पाइन्छ । त्यसैले 'नेपाली रङ्गमञ्च' सङ्ग्रह भित्रका लेखहरूको अध्ययन गर्ने प्रयास गरिएको छ ।

### ४.६.१ नाट्यकलाको प्रादुर्भावको अध्ययन

नाट्यकलाको प्रादुर्भाव भन्ने समीक्षात्मक लेखमा नाट्यकलाको उत्पत्ति बारे लेखिएको छ । यसमा पूर्वीय नाटक परम्पराको उत्पत्ति ब्रहामाजीबाट भएको कुराको वर्णन छ । सत्य युगको समाप्ति र त्रेतायुगको आरम्भ भएपछि इन्द्र, वरुण आदि देवताहरू मिली ब्रहामाजीसँग आनन्द प्राप्तिको साधन दिन अनुरोध गरे यही कुरालाई स्वीकार गरी ब्रहामाजीले नाट्यपञ्चमवेद बनाइदिए । यही नाट्यपञ्चमवेदबाट नै नाटकको शुरुवात हुन पुगेको भन्ने विद्वानहरूको धारणा रहेको छ । पूर्वीय विद्वान श्री नन्दिकेश्रवरले नाट्यकलाको उत्पत्तिबारेको श्रेय ब्रहमाजीलाई दिएका छन् । त्यस्तै वैदिक साहित्यमा पनि गीत र नृत्यको उल्लेखका साथै कलाकारहरूको कार्य विभाजन गरिएको पाइन्छ । यसबाट के भन्न सकिन्छ भने वैदिक कालमा पनि नाटकको क्रमशः विकास हुँदै आएको पाइन्छ । विक्रमभन्दा तीन चार वर्ष पूर्व महर्षि बाल्मीकिको समयमा उनीद्वारा रचित रामायणमा अयोध्यालाई "बधुनाटक सचैश्र संयुक्ताम" मनोरञ्जन लिने चलन रहेछ भन्ने कुराको पुष्टि हुन्छ । बौद्धमार्गीहरूले पनि आफ्नो धर्म-प्रचारको साधन नाटकलाई बनाएका थिए । यसरी नाट्यकलाको विकास हुँदै जाँदा कौटिल्यको समयमा आइपुग्दा निकै विकास भइसकेको देखिन्छ । किनभने त्यसबेला नट, नर्तकी, गायक वादक, कथाकार, अभिनेता, गुप्तचर आदिले आ-आफ्नो कार्यभार सम्हाल्ने साथै नटहरूलाई मासिक वेतन्, वार्षिक, वेतन पनि दिइन्थ्यो । यसरी नाट्यकलाको विकास हुँदै जाँदा विभिन्न व्यक्तिहरूले विभिन्न मत व्यक्त गरेका छन् । मैकडोनले आफ्नो पुस्तक 'हिस्ट्री अफ संस्कृत लिटरेचर' मा ऋग्वेदका सरमा र पणिसयम र यमी अनि पुरुरवा र उर्वशीका संवादहरूनै नाट्य साहित्यको आदि रूपहुन भनेका छन् । मैक्समलरले

ऋग्वेदको मक्त् शुक्तको एक मन्त्रको व्याख्या गर्दै नाट्यको उत्पत्ति बौद्धिक कर्मकाण्डबाट भएको हो भनेका छन् ।

डा. बासुदेवशरण अग्रवालको विचारअनुसार भारतमा प्राचीनकालमा उत्सवहरूमा मेला लाग्दथ्यो। यस मेलालाई 'मह' भनिन्थ्यो । यी महहरूमा प्रसिद्ध मह इन्द्रमह थियो । यसै महट्टमा इन्द्रध्वजको पूजा गरिन्थ्यो यसरी नाटकको उत्पत्ति पनि यसै महबाट भयो ।

यसरी अन्त्यमा के भन्न सकिन्छ भने वास्तवमा नाट्यकलाको उत्पत्तिको बारेमा विभिन्न मत भए तापनि निचोडमा यसको उत्पत्ति देवी देवताका अनि साधारण मानिसको मनोरञ्जनको निमित्त कथा भन्ने, गाउँने, नाच्ने तथा छुने विभिन्न कुराको अनुकरण गर्ने प्रयासहरूले गर्दा नै भएको हो ।

### ४.६.२ रङ्गमञ्चीय कलाको विकास

रङ्गमञ्चीय कलाको विकास भन्ने लेखमा रङ्गमञ्चीय कलाको विकास के कसरी भयो भन्ने कुरालाई देखाउन खोजिएको छ । देवी देवता तथा महापुरुषहरूको सम्मानको लागि मनाइने पर्वहरूमा भेला हुने जनसमूहको मनोरञ्जनार्थ वा कुनै कुराको उद्देश्य पूर्तिका लागि नाच, गीतको भाव प्रदर्शन गर्दा अनुकरण गर्दै नाच्ने, गाउने आदि गर्दै आएको कुरा नाट्य इतिहासले वताएको छ ।

खुसीको अवस्थामा मानिसको मन चंचल हुन्छ । अंग प्रत्यंग भित्र भित्रै नाच्न थाल्दछन् । त्यसका साथै हिंडाइ, डुलाइ, एक अर्काको भावभंगिमा, चक्षु संचालन, हात र कम्मरको चलकाइ आदि यस्तै अनेकौं क्रियाप हेर्दा हेर्दै तिनीहरूको आंगिक अनुकरणले नवीन कुराको सृष्टि भयो नृत्यको सृष्टि यसरी नै पशु पंक्षीको ध्वनी सुन्दा सुन्दै त्यसैअनुसार बोल्ने, वा ध्वनी निकाल्ने मानव प्रयासले सात स्वरको सृष्टि गऱ्यो । अनि यसैको आधारमा रागरागिनीहरूको पनि उत्पत्ति हुन गयो ।

जीव जन्तुले पनि नाट्यकलाको प्रादुर्भावमा देन दिएको छन् । खुसीमा रमाएर आफैलाई पनि बिर्सेर मयूर नाच्दछ गाउँछ । चातक, धोबीचरा, परेवा आदि पंक्षीहरू र जीवजन्तु पनि कुनै किसिमको आनन्द अथवा खुशीमा फुर्केर नाच्दछन्, कराउँदछन् । यसरी नै नाट्यकलामा सृष्टिदेखि नै प्रकृतिको प्रभाव पर्दै आयो । हाम्रो देशमा पनि डबलीहरूमा कलाकारहरू उभिन्थे र अभिनय गर्दथे आज पनि यही परम्परा कायम छ । डबली अग्लो बनाउनको अर्थ परबाट पनि प्रदर्शित नाच हेर्न सकुन भन्ने ध्येयले बनाइएको हो ।

लिच्छवि कालमा कुँदिएका शिला मूर्तिहरूको नृत्याभिनयको भावभंगिमा वाद्यवादनको तरीका र आङ्गिक अभिनय आदिमा विचार गर्दा त्यसताका नाट्यकलाले उच्च स्थान ओगटेको कुरा प्रष्ट रूपमा दर्शन्छ । लिच्छवि कालमा राज्यबाट पनि नाट्यकलाका लागि ठूलो प्रोत्साहन दिइएको थियो । त्यस्तै मल्लकालमा स्वयं राजाहरू जनसमूह अगाडि अभिनेताको रूपमा खुला रङ्गमञ्चमा उभिई अभिनय गर्ने गरेकोले त्यस समयमा रङ्मञ्चमा  जनसमूहलाई आनन्द दिने ठूलो साधन भएको थियो । राजा प्रचण्ड मल्ल स्वयम् रङ्गमञ्चमा अभिनय गर्ने भएकोले त्यस समय दर्शकहरूको भीडले रङ्गमञ्चको चारैतिर घुइँचो हुने गर्दथ्यो भन्ने भनाई छ । पृथ्वीनारायण शाह पछाडि नाट्यकलाको विकास हुँदै आएको पाइन्छ ।

### ४.६.३ लिच्छविकालको अध्ययन

लिच्छविकाल भन्ने लेखमा नाट्यकलाको स्थिति लिच्छविकालमा के कस्तो रहेको थियो भन्ने  कुरालाई देखाउन खोजिएको छ । लिच्छविहरू वास्तुकला, ललितकलाका मर्मज्ञ हुनाका साथै नृत्य, गीत र नाटकमा पनि अत्यन्त चाख लिन्थे । त्यसकारण के भन्न सकिन्छ भने आज भोलि देखिने नाचहरू त्यसताका चलाइएका नाचहरूको रूप हुनुपर्छ जुन पछि मल्ल राजाहरूले समेत अनुसरण गर्दै आए । अंशुवर्माको समयमा ले लेमा रहेको सं. ५१६ को शिलालेखबाट विभिन्न गोष्ठीहरूको व्यवस्था विशेष रूपले गरिएको थियो भन्ने कुरा वादित्र गोष्ठिको उल्लेखबाट थाहा

पाउन सकिन्छ । लिच्छविकालमा गरिने नृत्यका भावभगिमा तथा वाद्यवादनको तरीका अनि आंगिक अभिनयदेखि प्रभावित भएर नै मूर्तिकारले त्यतिबेलाका मूर्तिका नृत्यका भाव अंगिमा मुद्रा कुदेका होलान भन्ने अनुमान गर्न सकिन्छ । लिच्छविकालमा स्थापित उमामहेश्वरका मूर्तिहरू नघल, क्षेत्रपाटीढल्को लगन गैरीधारास्थित उमामहेश्वर कैलाश परिवार बाह्रौ शताब्दी, धलाछें पाटन उमामहेश्वर त्यस्तै बनेपाको नृत्याभिनयमा भेटिएको गणेशको मूर्ति यी सबै लिच्छविकालको नाट्यकलाको विकासमा परिणाम हुन् । त्यस्तै लिच्छविकाराजा नरेन्द्रदेवको शासनकालमा पनि नाटक खेल्न तथा ढोलक बजाउन कलाकार बडा सिपालु थिए भन्ने कुरा नेपालको बाटो गरी भारततर्फ आवतजावत गर्ने चिनियाँ यात्रीहरूमध्ये वाङ्ग हुएन येकोको लेख तथा चिनियाँ सम्राटहरूको इतिहासबाट प्राप्त हुन्छ । हाल चलन चल्तीमा रहेका इन्द्रजात्रा,कृष्णजात्रा, लाखेजात्रा जस्ता नाचहरू गुणकामदेवबाट शुरु भएको कुरा भाषा वंशवलीमा रहेको छ ।

यसर्थ के भन्न सकिन्छ भने यस कालमा नाट्यकलाले उच्च स्थान ओगटिसकेको र मल्लकालमा समेत यस कालको प्रभाव परेको कुरा प्रष्ट हुन्छ ।

### ४.६.४ मल्ल कालको अध्ययन

"मल्ल काल" भन्ने लेखमा मल्लहरूको समयमा नाटकको विकास के कस्तो भयो भनेर देखाउन खोजिएको छ । नेपालमा लिच्छवि राजाहरूको अन्त्यपछि मल्लहरूको उदय भयो । मल्लहरूको उदयले नेपालको मध्यकालीन नाट्यकलाको इतिहासमा ठूलो महत्व पनि पाएको छ । मल्लराजाहरू धर्मालम्बी भएका हुनाले उनीहरूको समयमा धर्मको आधारमा प्रशस्त र रङ्गमञ्चमा समेत पुस्तकहरू लेखे लेखाए र रङ्गमञ्च सञ्चालनका लागि गुठी पनि राखिदिए । मल्लराजाहरू स्वयम् नाट्ककार अभिनेता आदि समेत भएका हुनाले जनसाधारणबाट आएका कलाकारहरूसँग रिसाई जनसाधारण समक्ष राजा आफै पनि अभिनय गर्दथे । राजा अरि मल्लको शासनकालमा (नेपाल संवत ३२७-३३६) "महिरावणद्योपाख्यान

नाटकम" भन्ने नाटक तयार गरी मत्स्येन्द्रनाथको यात्रामा उपस्थित पण्डितहरूलाई देखाइएको थियो । यस नाटकमा लेखक श्री जयत थिए । यसबाट के पुष्टि हुन्छ भने मल्लकालमा नाट्यकलाको विकास राम्रैसँग हुन थालेको थियो । त्यस्तै जयानन्ददेवका पालामा 'नागानन्द' नाटक लेखियो । हरिसिंह देवका पालामा 'धूर्त समागम' भन्ने हास्य नाटक जयस्थिति मल्लका छोराको विवाहमा मैथिल पण्डित मणिक द्वारा रचित 'भैरवानन्द' नाटक प्रदर्शन समेत गरियो । यिनका पालामा नाटकको निकै चहल पहल थियो । ज्योर्तिमल्लका पालामा 'कुवलयाश्व' नाटक लेखेर यिनले प्रचार समेत गराए । त्यस्तै मल्लकालमा नै 'चतुरङ्क महाभारत' नाटकको समेत प्रदर्शन भएको थियो ।

यसबाट के भन्न सकिन्छ भने मल्लकालमा नाट्यकलाको विकास प्रचुर मात्रामा भएको थियो । यस मल्लकाल भित्र पनि भक्तपुर, काठमाडौँभित्र भएका नाट्यकला सम्बन्धी कुराहरूलाई विभिन्न उपशीर्षकहरूद्वारा प्रष्ट्याइएको छ ।

### ४.६.४.१ भक्तपुरको अध्ययन

'भक्तपुर' भन्ने लेखमा भक्तपुर भित्र नाट्यकला के कस्तो थियो भन्ने कुरालाई देखाउन खोजिएको छ । सुवर्ण मल्ल धर्मात्मा तथा कला साहित्यका प्रेमी थिए । यिनको समयमा राज्यमा ठूलो अनिकाल पऱ्यो । त्यसैले भक्तपुरमा नवदुर्गा र बोडेमा महालक्ष्मीको नाच चलाइयो । अझै पनि यी नाचहरू पर्वमा नचाइन्छ । राजा जयजगज्योतीर्मल्लले 'कुन्जविहारी नाटक्म', 'मुदित कुवलयाश्व नाट्कम', 'हरगौरी विवाह' जस्ता नाटकहरू रचना गरेका थिए । जसको रचनाकाल शाके संवत् १५५० मानिन्छ । भक्तपुरमा राजा जगत प्रकाश मल्लका पालामा पनि नाट्य क्षेत्रमा निकै विकास भएको थियो भन्ने कुरा ने.सं. ७६० को 'मदन चरित्र' बाट प्रष्ट हुन्छ साथै उनले भक्तपुरको बसन्तपुरमा रङ्गशाला पनि बनाउन लगाएका थिए । जयप्रकाश मल्लद्वारा रचित 'मूलदेवशशीदेवोपाख्यान नाटकम्', 'उषाहरण नाटकम', नलीय नाट्कम, पारिजातहरण, प्रभावतीहरण जस्ता नाटकहरू हाल पनि राष्ट्रिय

अभिलेखालयमा संगृहीत रहेका छन् । जगतप्रकाश मल्ल पछि उनका छोरा जयजितामित्र मल्लले पनि 'मदालसाहरण नाटकम', नवदुर्गा नाट्कम, भाषा नाट्कम, भारत नाट्कम आदिको रचना गरि उनले पनि नाट्य परम्परालाई कायमै राखेको पाइन्छ । त्यसपछि यिनका छोरा भूपतीन्द्र मल्ल र भूपतीन्द्र मल्लका छोरा रणजीत मल्लले पनि भक्तपुरको नाट्यकलालाई बढाएको देखिन्छ । अझ रणजित मल्लका नाटकहरूमा त सुत्रधारको प्रयोगको साथ साथै गीत संवादको पनि प्रयोग गरिन्थ्यो । भारतीय विद्वान डा.दशरथ ओझाको भनाइमा ई. १६०० को मैथली भाषाको 'विद्याविलाप' नाट्क समेत भक्तपुरका राजा विश्व मल्लको समयमा खेलाइएको थियो ।

### ४.६.४.२ काठमाडौंको अध्ययन

यसमा काठमाडौं नाट्यकलाको स्थिति के कस्तो थियो भन्ने कुरालाई देखाइएको छ । राजा रत्न मल्ल काठमाडौंका राजा हुँदा उनलाई नाट्यकलातिर रुचि हुँदाहुँदै पनि विविध घटनाहरूको सामना गर्नुपर्ने भएको हुनाले ध्यान दिन सकेनन सूर्यमल्लको मृत्यु पछि उनका छोरा काठमाडौंका राजा भए । यी राजा वीर हुनाका साथै देवी देवताको यात्रा चलाउने कार्यमा सौखिन भएकाले महाकाली, हरिसिद्धी, पचली, कनकेश्वरी घटेश्वरी आदि नाचहरू यिनैले चलाएका थिए । त्यस्तै लक्ष्मीनरसिंहका छोरा प्रताप मल्ल संगीत विद्याका ज्ञाता थिए । उनी आफैं नाच गान गर्दथे र अरुलाई नचाई आनन्द लिन्थे साथै उनी साहित्य प्रेमी भएकाले आफूलाई कवीन्द्र भनी लेख्दथे । उनी वि.सं. १७३१ सालमा हरिसिद्धिको नाच हेर्दा हेर्दै डबलीमा रगत छादी मरे । त्यतिबेला काठमाडौंमा मनोरञ्जनको साधन नाच गान मात्र भएको हुनाले राजा प्रजा यसको आनन्द एकसाथ मेल भई खुला रङ्गमञ्चमा लिन्थे । राजा प्रताप मल्ल आफै नृसिह भई नाचेको कुरा समेत नासल देवल स्थानको शिलालेखमा लेखिएको छ । त्यस्तै राजा पार्थिवेन्द्रले पनि नलचरित्र नाटक लेखेका थिए । ने.सं. ८५६ मा जगज्जय मल्लको मृत्यु भएपछि जयप्रकाश

मल्ल काठमाडौंको राजगद्दीमा बसे । उनले ने.सं. ८८० मा लेखेको रत्नेश्वर प्रादुर्भाव, वीरध्वजोपाख्यान जस्ता नाटक लेखेका थिए । उनी पछाडि काठमाडौंलाई पृथ्वीनारायण शाहले आक्रमण गरे ।

यसप्रकार के भन्न सकिन्छ भने काठमाडौं उपत्यकाको नाट्यकलाको विकास भक्तपुरको जति राम्रो हुन सकेको छैन ।

### ४.६.४.३ पाटनको अध्ययन

पाटन भन्ने लेखमा पाटनमा नाट्यकलाको विकास के कस्तो थियो भन्ने कुरालाई प्रष्ट्याउन खोजिएको छ । पाटनमा ने.सं. ७२७ मा सिद्धिनरसिंह मल्लको राज्याभिषेक भएपछि नाच गीतको ठूलो उन्नती भयो । उनलाई नाट्यकलामा ठूलो सोख थियो । उनकै पालामा रामभद्र शर्माले ने.सं. ७७१ मा 'हरिश्चन्द्र नृत्यम' लेखेका थिए । यस नाट्कमा हिन्दी भाषाको पनि राम्रो प्रयोग गरिएको छ । सिद्धिनरसिंहका छोरा श्री निवास मल्लका पालामा समेत ने. संवत् ७८५ मा रामभद्रले ललित कुवलश्यात, मदालसा नाटक लेखेका र त्यसमा संवादको पनि राम्रो प्रयोग भएको छ । सिद्धिनरसिंह मल्लले नृसिंह नाच पनि चलाए । उनका पालामा भएका नाटकहरूको संवाद हिन्दी भाषामा भएका नाटकहरूको हिन्दी भाषामा नै गरिन्थे । यस्ता नाचलाई देशी प्वांख भन्ने चलन थियो । नृसिंह नाचका साथ साथै कार्तिक महिनामा नचाइने अरु नाचहरूको तयारीका लागि १० महीना अघि मार्ग महीनादेखि प्राभ्यास शुरु गरिन्थ्यो । बाह्र बर्षमा एक पटक नाट्येश्वर साधन गरी नयाँ  कलाकारहरूलाई नाचका लागि प्रवेश गराइन्थ्यो । चक्रधर शर्माका पुर्खाहरूले राजश्रय पाई रङ्गमञ्चीय कलामा ठूलो उन्नति गरेको कुरा शिलालेखहरूमा रहेको पाइन्छ । श्री निवास मल्ल राजगद्दीमा बसेपछि यिनको पनि नाच गानको ठूलो उन्नति भयो । यिनी धर्मात्मा तथा वास्तुकला, ललितकलाका सोखिन थिए । यिनले हिन्दी भाषामा लेखेको अपूर्ण गोपीचन्द्र पाइएको छ । त्यस्तै उनका छोरा योगनरेन्द्र मल्ल ८०५ मा राजा भएपछि यिनले संगीतको राम्रो उन्नति

गरेका थिए । उनले कसंवध नाटक पनि लेखेका थिए । ललितपुरका अन्तिम राजा तेजनरसिंह मल्लका पालामा लिए । त्यसपछि केही ह्रास आएको पाइन्छ । यसप्रकार पाटनको कृष्ण मन्दिर अगाडि धेरै अगाडि देखि नाचगान तथा नाटकहरू देखाइन्थे साथै यस्ता नाटकहरूमा सस्कृत, मैथिली, हिन्दी, नेवारी भाषाको प्रभाव पनि परेको देखिन्छ ।

### ४.६.५ शाहकालको अध्ययन

शाहकाल भन्ने लेखमा श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहले वि.सं. १८२५ मा काठमाडौं र ललितपुर, १८२६ मा भक्तपुर विजय गरी सम्पूर्ण राज्यलाई एक सुत्रमा बाधे देखि यता नाट्य कलाको विकास के कस्तो रह्यो भन्ने कुरालाई देखाउन खोजिएको छ । पृथ्वीनारायण शाहको पालामा देशको स्थिति खासै राम्रो नभएकाले उनले नाट्य क्षेत्रतर्फ खासै ध्यान दिन सकेनन् तापनि उनले आफ्नो देशकै नेवारहरूको नाच झिकाई हेर्नु विदेशीलाई आफ्नो देशमा पस्न नदिनु भनेबाट उनी आफ्नो देशको कला संस्कृतिको रक्षक तथा प्रेमी थिए भन्ने कुरा पुष्टि हुन्छ । राजा रणबहादुर शाह पनि नाचगान तर्फ निकै रुची राख्ने किसिमका थिए किनभने उनकै पालामा  पण्डित शक्तिवल्लभ अर्यालले आफैले लेखेको संस्कृतको ‘हास्यकदम्ब’ नेपाली भाषामा उल्था गरे । त्यस्तै रणबहादुर शाह संगीतका ज्ञाता थिए भन्ने कुरा त्रिरत्न सौन्दर्य गाथामा लेखिएको छ । रणबहादुर शाहको निधन पश्चात राजेन्द्रविक्रम शाह गद्दीनशीन भएपछि झन् संगीत र संगीतकारको कदर हुन थाल्यो । राजेन्द्रविक्रम शाह स्वयम् कलाप्रेमी तथा लेखक भएका हुनाले बौद्ध जातक कथाको आधारमा “नमो बुद्ध महासत्वो पाख्यान” नाटक रचे । यो नाटकलाई ४ दृश्यमा प्रदर्शन समेत गरिएको थियो । त्यस्तै सुरेन्द्र विक्रम शाह आफू पनि संगीतकार भएकाले यीनले दरबारमा संगीतको परम्परा कायमै राखे यसै समयमा भारतबाट नेपाल भित्रेका लक्ष्मण दासलाई दरबारमा स्थान दिई उनको रेखदेखमा दरबारमा संगीत सञ्चालन गर्न समेत दिइएको थियो । सुरेन्द्रविक्रम शाहकी रानी

राज्यलक्ष्मी पनि नाट्यकलाको ज्यादै सोखिन थिइन् । यिनको सहायताले “लाल हीरा” नाटक समेत तयार गरिएको थियो । यसप्रकार शाहवंशद्वारा नाट्य कलाको विकासमा ठूलो टेवा पुऱ्याउँदै आएको थियो तर जंगबहादुरको अन्त्यपछि राणा मन्त्रीहरूमा काटमार चलिरहेको हुनाले केही खस्केको थियो । वीर सम्सेर मन्त्री भएपछि उनले नेपाली संगीतको नभई भारतीय संगीतको र हिन्दी भाषाको विकास मात्र गरे । यसबेला नाटकहरू नेपालीमा अनुवाद गरिन्थ्यो नभए जस्ताको तस्तै भारतीय भाषामै नाटक गीतको प्रयोग गरिन्थ्यो । सं. १९५० मा ‘शाह बहराम’, सं १९६८ मा ‘अबुल हसन’, माधवनल, कामकन्दला जस्ता नाटकहरू प्रदर्शन गरियो तर यी नाटकहरू नेपाली नाट्यकलाको विकासका लागि नभई दरबारीयाहरूको सुख सुविधाका लागि थिए । श्री ५ पृथ्वी वीर विक्रम शाहको दरबारमा पनि भारतीयहरूकै चहल पहल रह्यो । श्री ५ त्रिभुवनको पालामा पनि उस्ताद नानकप्रसाद मिश्र, उस्ताद नरुद्धीन बालाप्रसादले नाटक सिकाउने गर्दथे । यिनीहरूले हिन्दी नाटकका साथै नेपाली भाषामा पनि नाटकको प्रदर्शन गर्न थाले तापनि दरबारहरू पूर्णरूपले हिन्दी उर्दू नृत्यमा रम्न थालेकाले हिन्दीमा कुरा गर्दा पनि आफूलाई बुज्रुक ठान्दथे ।

यसप्रकार राणाकालमा नेपाली रङ्गमञ्चीय कलाको ह्रास भयो । एकातिर दरबारहरूको आगँनमा हिन्दी, उर्दू, भाषामा नाटक गराई नाट्कको आनन्द लिनु र अर्कोतिर जनतालाई गाईजात्राको जस्तो परम्परामा पनि कडा निगरानी राख्नु आदिले जनता क्षुब्ध भएका थिए । यही कारणले गर्दा त्रिभुवनको पालामा निरंकुश शासनको अन्त भयो र कला संस्कृति साहित्यले नयाँ कोल्टो फेऱ्यो ।

शाहकाल भन्ने लेखमा पनि शाहकालभित्र उदय भएका विभिन्न नाटककारहरूको चिनारी र उनीहरूले गरेका कामहरूको बारेमा विभिन्न उपशीर्षक दिएर प्रष्ट्याइएको छ ।

### ४.६.५.१ नाटककार मोतीराम भट्ट तथा अरु नाटककारहरूको अध्ययन

नाटककार मोतीराम भट्ट तथा अरु नाटककारहरू प्राथमिक कालीन नाटककारहरूको जानकारी दिइएको सानो लेख हो । सर्वप्रथम मोतीराम भट्टबाट नै नेपाली भाषामा नाटक  देखापरेको हो भन्ने विद्वानहरूको भनाई छ । यिनले नै सर्वप्रथम प्रियदर्शिका, शकुन्तला संस्कृत भाषाबाट अनुवाद गरी नेपालीमा लेखे । त्यस्तै उनले पद्मावती, काशिराम, चन्द्रसेन, हुस्न अफरोज आराम दिल जस्ता नाटकहरू लेखेको देखिन्छ । मोतीराम भट्ट नाटककारमात्र नभई उनी नाटक निर्देशक र नाटक अभिनयमा पनि शकुन्तला नाटक आफ्नै निर्देशनमा वीर शम्शेर समक्ष प्रदर्शन समेत गराएका थिए । मोतीराम भट्टको देहान्त पछि केही समयको लागि नेपाली भाषाको नाटकको क्षेत्र सुस्त र बन्द जस्तै भएको थियो । १९८२ सालमा पारसमणि प्रधानले 'बुद्धचरित्र' लेखेर प्रकाशित गराए । त्यस्तै मोतीराम भट्टका समकालीन पहलमानसिंह स्वारको 'अटलबहादुर' नाटक वि.सं. १९६२ मा प्रकाशित भयो । यो नै नेपाली भाषामा लेखिएको नाटकहरू मध्ये सर्वप्रथम दुःखान्त नाटक हो । आशुकवी श्री शम्भुप्रसाद ढुङ्गेलले मालतीमाधव लेखेर केशर शम्शेरलाई समर्पण गरेका थिए । यस नाटकमा गीतहरू र गजलहरू पनि समावेश गरिएका छन् । यसलाई भवभूतिको नाटक मालतीमाधवको भावानुवाद र छायानुवाद समेत भनेका छन् तर शिव गोपाल रिसालले आधुनिक स्वतन्त्र र सर्वप्रथम मौलिक नाटकको प्रारम्भ कहिले र कसबाट भयो भन्ने कुरामा राय बाझेको छ । त्यस्तै यज्ञराज सत्यालले नेपाली नाटकको प्रारम्भ मोतीराम भट्टबाट भएको हो भनेका छन् । केही नेपाली नाटकमा लेखक हृदयचन्द्र सिंह प्रधानले नेपाली मौलिक नाटकका प्रथम अद्यिवक्ता समलाई मानेका छन् । त्यस्तै कमलमणि दीक्षितद्वारा छापिएको पुस्तक "यस्तो पनि " मा पहलमानसिंह स्वारको अटलबहादुरलाई नै नेपाली भाषामा छापिएको पहिलो नाटक मानेका छन् । तारानाथ शर्माले "नेपाली साहित्यको ऐतिहासिक परिचय" पुस्तकमा नेपाली नाटकमा नयाँ कुराको प्रवेश अटल बहादुर भएको हो भनेका छन् ।

उपयुर्क्त सबै मत आ-आफ्नो किसिमले दिइएका छन् तर हाल आएर बालकृष्ण समले नै सर्वप्रथम मौलिक नाटक लेखेको अनुमान गर्न सकिन्छ ।

### ४.६.५.२ नाटककार श्री लेखनाथ पौड्यालको अध्ययन

नाटककार श्री लेखनाथ पौड्याल भन्ने लेखमा लेखनाथले नेपाली कति के काम गरे भन्ने कुरालाई देखाउन खोजिएको छ । लेखनाथ पौड्यालले १९९४ सालमा लक्ष्मी पूजा नाटक लेखे । यो नाटक लेफ्टीनेन्ट सूर्यबहादुर बस्नेतको प्रबन्धमा वि.सं. १९९० सालको भूकम्प पीडितहरूका सहायकार्थ प्रदर्शनीस्थल बनाई सर्वसाधारण जनमा प्रर्दशन गरे । उनको अर्को नाटक भतृहरि निर्वेद हो । कम्याण्डर इन चीफ भीम शम्शेर ज.ब.राको दरबारमा केटाकेटी पढाउने काम गर्दा राममणि आदिले उनलाई भतृहरिनिर्वे नाटक तयार गर्न अनुरोध गरे । कारणवश यो नाटक रङ्गमञ्चमा उतार्न सकेनन् । उनलनै कालिदासको प्रसिद्ध नाटक अभिज्ञान शाकुनतलको अनुवाद वि.सं. २०१५ मा गरे । उनको अप्रकाशित नाटक ‘कृष्ण’ पनि देखिएको छ ।

उपयुक्त कुराहरूबाट के थाहा हुन्छ भने नाटककार लेखनाथज्यूले नाटक साहित्यमा एउटा अमूल्य देन दिएका छन् ।

### ४.६.५.३ श्री बालकृष्ण समको अध्ययन

श्री बालकृष्ण सम भन्ने लेख बालकृष्ण सम र उनका नाटकहरूका बारेमा दिइएको छ । बालकृष्ण समको बाजेको पालादेखिनै समको दरबारमा नाचगान नाटकको राम्रो व्यवस्था थियो । उनका बाजेले आफ्नो  दरबारका नानी सुसारेहरूलाई नाचगान नाटकको तालिम दिन्थे । नाटक तयार भएपछि आफ्नो दरबारमा प्रदर्शन गर्दथे । यस समयमा बोहरा बहारम, बादशाह वल्काभ, शाहजादा मेरिख, खीरदमन्द जस्ता नाटकहरू प्रदर्शन गरिन्थे । यही परम्परा सम सम्म कायम रह्यो । समले बाहिरका अरु सोखिन कलाकारहरूका साथ आफ्ना परिवारका छोरा,

नाती, भाई तथा यसका व्यवस्थाका लागि समग्र परिवारलाई पनि संलग्न गरे । नेपाली नाटकको रचना तथा विकासमा अनेकौं बन्धन अडचनहरू आइपरे तापनि उनले नाट्य साहित्यका लागि योगदान दिए त्यसबाट नाट्य साहित्यकारहरू जन्मे । बालकृष्ण समले नेपाली नाटकमा एक नयाँ परम्परा बसाले र विश्वको नाटकको दाँजोमा पुऱ्याए । उनको प्रयास सफल नभएको भए आज नेपालीमा नाटकको स्थान अनि नाटककारको स्थान उच्च अवस्थामा पुग्न सक्ने  थिएन । नेपालीमा पनि राम्रा नाटकहरू लेख्न सकिन्छ । अनि नेपाली तरिकाले रङ्गमञ्चमा उतार्न सकिन्छ भन्ने कुरा हाम्रो सामु आउन सक्ने थिएन । उनले भविष्यका नाटक निर्देशन र कलाकारका निमित्त नेपाली नाटक निर्देशन र कलाकारका निमित्त नेपाली नाटक साहित्यको जग बसाली एक मन्दिर खडा गरे । समग्रमा विचारको प्रखरता, दार्शनिकता अनि बौद्धिक तीब्रता भएको कुरा उनका प्रशस्त कृतिहरूले बताउँछन् । वि.सं. १९६८ सालमा समको 'मुटुको व्यथा' प्रकाशमा आयो । यो नाटक नेपालीमा पूर्ण मौलिकता अँगाली लेखिएको वियोगान्त नाटक हो । नेपाली साहित्यिक जनमा यसले नवीन छाप पऱ्यो । उनले सामाजिक, ऐतिहासिक पौराणिक, मनोविश्लेषणात्मक आदि नाटकहरू लेखे । उनले मुटुको व्यथा, अन्धवेग, अमरसिंह थापा, भिमसेनको अन्त्य, प्रेमपिण्ड, मुकुन्द इन्दिरा, म, अमित बासना, बोक्सी, प्रल्हाद, अत्याधुनिक, विरामी र कुरुवा, तलमाथि, भतेर, राजेन्द्रलक्ष्मी, भक्त भानुभक्त, हरिततारा, स्वामी माराज, भृकुटी, मोतीराम जस्ता नाटकहरू विभिन्न पक्षलाई लिएर लेखिएका छन् । उपरोक्त सबै नाटकहरू लेख्न प्रेरणा दिने वि.सं. १९८० सालको तानसेनको झरी हो । उनका ५४ नाटकहरूमध्ये प्रकाशमा आएका विभिन्न पक्षका नाटकहरूमा मुटुको व्यथा, मुकुन्द इन्दिरा, प्रल्हाद, अन्धवेग, अमरसिंह थापा, अमित बासना, म र बोक्सी आदि नाटकहरू समका पुष्ट ज्ञानका परिचय हुन् । समतिर पाठकको ध्यान खिच्ने नाटकहरू पनि यिनै हुन् । अझ उनको प्रेमपिण्डले मनोवैज्ञानिक विश्लेषण गर्दछ ।

यसप्रकार के भन्न सकिन्छ भने बालकृष्ण प्रथम मौलिक नाटक लेख्ने नाटककार हुन् र उनले नै नेपाली नाट्यकलालाई पूर्ण बनाएका छन् ।

### ४.२.५.४ नाटक-निर्देशक श्री सम

नाटककार श्री बालकृष्ण समले के कस्तो अवस्थाबाट नाटक निर्देशन गरे भन्ने कुरालाई देखाइएको छ । बालकृष्ण समको समयमा पश्चिमी मुलुकहरूमा रङ्गमञ्चका ज्ञाता अनि नाटककारहरू संसारमा ख्याति प्राप्त गर्दै अघि बढिरहेका थिए । यता नेपालमा नेपाली भाषाका नाटक निर्देशक तथा अभिनयका क्षेत्रमा समले आफूलाई लगाएर समयको परिवर्तनका साथै ति सवै निर्देशक, प्रस्तुतकर्ता, रङ्गमञ्च, प्रबन्धक आदिको विचारधाराको ध्यान राखी आफ्नोपनलाई अँगाले । उनीभन्दा अघि मल्लकालदेखि राणा मन्त्रिहरूको समयमा भएका नाटक निर्देशनले कुनै राम्रो छाप पार्न सकेन ।

समले वि.सं. १९९० सालमा आफ्नै नाटक ‘प्रेम’को निर्देशन गरे । यो नाटक दरवार स्कुलको मजलिस घरमा खेलाइयो । यसपछि वि.सं. १९९५ सालमा ‘मुकुन्द इन्दिरा’ नाटक उनकै निर्देशनमा मञ्चन भयो । उनको निर्देशनमा खेल्ने पात्रहरूले उनको निर्देशनलाई अत्यन्त मन पराए । यसपछि ‘भक्त प्रल्हाद’, ‘अन्धवेग’को प्राभ्यास सुरु गरियो । तर यसको प्रदर्शन भने त्यस हुन सकेन । वि.सं. १९९४ सालमा सम जीको निर्देशनमा अंग्रेजी नाटक ‘कोलम्बस्’ दरवार स्कुल मजलिस घरमा खेलिएको थियो । बोक्सी, तपोभूमि वि.सं. २०२१ साल आषाढमा उनकै निर्देशनमा रोयल नेपाल एकेडेमीको वार्षिक उत्सवको उपलक्ष्यमा राष्ट्रिय नाचघरको रङ्गमञ्चमा प्रस्तुत गरियो । ‘स्वास्नी मान्छे’ (२०००), ‘भक्त भानुभक्त’ (२००१), ‘गंगालाल’ (२००९), ‘अन्धवेग’ (२०१०), ‘जुलियस सीजर’ (अंग्रेजी भाषा, २०१०), ‘क्रान्तिकारी भानु’ (२०११), ‘विश्वको तराजुमा’ (२०१२), ‘अमरसिंह’ (२०१३), ‘भीमसेन थापाको अन्त्य र राजेन्द्र लक्ष्मी’ (२०१३) मा उनीद्वारा नै निर्देशन भएर प्रदर्शन गरिएको थियो । यसपछिका अरूपनि सबै उनका नाटकहरू उनी आफैले

निर्देशन गरेका थिए । नेपाली भाषामा राम्रा नाटकहरू लेख्न सकिन्छ अनि निर्देशन गरी रङ्गमञ्चमा प्रस्तुत गर्न सकिन्छ भन्ने कुरालाई समले छर्लङ्ग्याइदिएका छन् । उनी नाटक, रङ्गमञ्च, सृङ्गार, भेषभूषा, चित्रकला, सङ्गीत, नृत्य, फोटोग्राफी आदि कुराहरू सफल नाटक नाटक निर्देशनमा हुनुपर्ने गुणहरू मध्येका मुख्य मुख्य गुणहरू हुन् भन्छन् । नाटक निर्देशनमा भूत, भविष्य, वर्तमान ज्ञान, विज्ञान, पुराण, इतिहास, आचारविचार, शील्पकलाको राम्रो ज्ञान हुनुपर्दछ । उपयुक्त सबै कुरा सममा पाइन्छ ।

विश्वका प्रसिद्ध नाटक-निर्देशकहरू जसले आफ्नो कुशल निर्देशनद्वारा विश्व नाट्य क्षेत्रको विकास गरे त्यसरी नै समले आफ्नो निर्देशनले नेपाली नाट्यकलाको क्षेत्रमा निर्देशन कार्यको विकास गर्न ठूलो मद्धत गरेका छन् । नेपाली नाटक निर्देशनको क्षेत्रमा उनको अवस्मरणीय देन छ । यिनै निर्देशकको कठिन प्रयासले गर्दा नै नाटककारहरूको जन्म मात्र भएको हुँदा नाटक निर्देशकहरूको पनि जन्म हुन गएको छ ।

### ४.२.५.५ अभिनेता श्री रत्नदास प्रकाश

यस लेखमा अभिनेता श्री रत्नदास प्रकाशले उनको पालामा अभिनयका क्षेत्रमा के कस्ता काम गरे भन्ने कुरालाई समेटेको पाइन्छ । समको नाटक मुकुन्द इन्दिरा वि.सं. १९९४ सालमा रङ्गमञ्चमा उत्रनुभन्दा पहिले नै नेपाली नाट्यकलामा योगदान दिने अभिनेताहरू मध्ये रत्नदास प्रकाश पनि एक हुन् । उनले सात वर्षको उमेरदेखि नै सुरु गरेका थिए । त्यसबेला उर्दू, हिन्दी भाषामा संवाद हुन्थ्यो । केही नाटकहरू नेपाली भाषामा पनि अनुवाद गरिन्थ्यो । त्यसताका गरिने नाटकहरूमा अभिनेता रत्नदास प्रकाशको ज्यादै ख्याति थियो । रत्नदास प्रकाश नेपाली लोक नृत्यमा स्त्री पात्र भई दर्शक समक्ष रङ्गमञ्चमा उत्रदा दर्शक उनलाई नारी वा पुरुष भन्ने छुट्याउन हम्मेसी छकिन्थे र यसले गर्दा पनि कति पुरुष महित हुन्थे । वि.सं. १९८१ मा उनले ब्रिटिस लिगेशनमा हिन्दी भाषामा

‘सावित्री सत्यवान’ र ‘महाभारत’ नाटकमा भाग लिए । वि.सं. १९८२ सालमा ‘कृष्ण अवतार’ नाटकमा भाग लिए । यो हिन्दीको नाटक नेपाली भाषामा अनुवाद गरी प्रदर्शन गरिएको थियो । वि.सं. १९८४ सालमा हिन्दीमा नै नाटक ‘सिल्भरकिङ्ग’ वि.सं. १९८५ सालमा ‘ध्रुव र हरिसचन्द्र’मा उनले पनि अभिनय गरेका थिए । वि.सं. १९८६ सालमा नाटक ‘लैला मजनू’ देखाइयो । यस नाटकका अभिनेता द्वारिका थिए र अभिनेत्री भई प्रकाशले भाग लिएका थिए । प्रकाशलाई त्यतिबेला महम्द मिया र मीरसाहेव मिली उर्दू भाषामा नाटक सिकाउँथे । यिनीहरूद्वारा सञ्चालित नाटकहरू ‘गुलरु जरीना’ वि.सं. १९८८ सालमा, ‘नुरेमोहब्बत’ वि.सं. १९८९ सालमा , ‘मुहब्बतका फूल’ वि.सं. १९९० सालमा उनलाई पनि खेलाइएको थियो ‘गुलरु जरीना’ नाटकमा प्रकाश जरीना भई रङ्गमञ्चमा उत्रेका थिए । समय समयमा प्रकाश ब्रिटिश लिगेशनमा प्रदर्शन गरिने नाटकमा पनि भाग लिन्थे । ब्रिटिश लिगेशनमा यिनले भाग लिएका नाटकहरू हुन् : ‘नल दमयन्ति’, ‘यहुदिकी लड्की’, ‘सति अनुसूया’ आदि । वि.सं. १९९१ सालमा वजिरमान नाटक मण्डलीको आग्रहमा ‘भयङकर भूत’मा भाग लिएर दर्शकमा राम्रो प्रभाव पारे । त्यस्तै उनले वि.सं. १९९२ मा ‘वीरेन्द्र वीर’ (हिन्दी, वि.सं. १९९३ मा ‘दिलकी प्यास’ (हिन्दी), वि.सं. १९९५ मा ‘सुनको बाला’, वि.सं. १९९६ मा ‘मधुमिलन’ आदि । वि.सं. १९९६ सालमा ‘चण्डीदास’ गाइजात्राको दिन नाटक दर्शक समक्ष प्रस्तुत गरियो । जनताले नाटकलाई ज्यादै मन पराए । राणाहरूले गर्दा यसको पाण्डुलिपी समेत जलाउनु पऱ्यो । यिनी विभिन्न कारणले गर्दा वि.सं. १९९८ सालमा राणाहरूको कुचक्रमा परी प्रकाशले तीन वर्ष जेलको यातना भोग्नु पऱ्यो । जेलबाट मुक्त भएपछि ‘प्रेम बन्दन’ नाटकमा भाग लिए । उनले वि.सं. २००१ सालमा ‘प्रेम विवाह’ र ‘प्रेमोपहार’ नाटकमा अभिनय गरे । उपयुक्त दुवै नाटक शिवजङ्ग राणाको दरवारमा खेलाइएको थियो । अन्त्यमा उनले पुष्करसमसेर र जोगलालको खिचातानीमा परि नाटक क्षेत्रलाई छोड्नु परेको थियो । यसरी उनलाई राणाहरूले नाटकमै काम गर्न दिएनन् । उनी नाटकबाट अलग्गिन गएपछि ज्यादै दु:खित भए । यसै समयमा

गोपालप्रसाद रिमालले देव मन्दिरहरूमा गई भजन गरिदिने अनुरोध गरे । भजन क्रान्तिकारी थिए । यस्तै क्रान्तिकारी भजनहरू भगवती, पशुपति, आदि देव मन्दिरहरूमा आफै गई जनतालाई राणाका विरुद्ध संघर्ष गर्न संकेत गरे । यसरी वि.सं. २००४ सालदेखि वि.सं. २००७ सालदेखि उनको जीवनमा ठूला ठूला आगतहरू परे । तर उनी समयलाई पर्खिरहे । प्रजातन्त्र आएपछि उनी पुनः मनोयोगपूर्वक नाट्यकलाको सेवा गर्न थाले ।

### **४.२.५.६ स्वर्गीय श्री ५ महेन्द्रका शासनकालमा नाट्यकलाको विकास**

स्वर्गीय श्री ५ महेन्द्रका शासनकालमा नाट्यकलाको विकास भन्ने लेखमा महेन्द्रका पालामा नाट्य क्षेत्रमा के कस्तो विकास भयो भन्ने कुरालाई समेटेको पाइन्छ । वि.सं २००६ सालसम्म राणा मन्त्रीको दबदबामा हिन्दी, उर्दू नाटकहरू लेख्ने र हेर्ने होड चल्दथ्यो । नेपाली नाटकको विकासमा उति ध्यान दिइन्नथ्यो । त्रिभुवनबाट वि.सं. २००७ सालमा प्रजातन्त्र ल्याएपछि भने राणाकालीन दबदबा र अत्याचारबाट मुक्त भयो । महेन्द्रको पालामा भन्ने मौलिक नाट्यकलाले प्रोत्साहन पायो । हाम्रो संस्कृतिको विकास भएमा देश सिँगारिन्छ भन्ने मौसुफे आन्तरिक भावना थियो । नाट्यकलाका मर्मज्ञ महेन्द्रबाट वि.सं. २०१४ साल जेष्ठ २७ गते सांस्कृतिक नाटक समितिको उद्घाटन भयो । महेन्द्रको राज्यारोहणपछि देशमा चौतर्फी विकासले आँखा खोल्यो । विविध क्षेत्रको विकासका साथै रङ्गमञ्चीय कलाको क्षेत्रमा पनि विशेष ध्यान दिइयो र यसका ज्ञाताहरू आ-आफ्ना भावना अभिव्यक्त गर्दै सांस्कृतिक कार्यक्रमहरू प्रस्तुत गर्न थाले । राजा महेन्द्रले साहित्य, संगीतकलाको विकासका लागि ध्यान दिइयो र उनकै उदयकालमै वि.सं. २००९ सालमा देशको प्राचीनकला संस्कृतिको संरक्षण गर्न स्थापित पुरातत्व विभागमा वि.सं. २०१६ साल, भाद्र ७ गते संस्कृति विभाग रहन गयो । संस्कृति विभाग खडा भएपछि कलाप्रेमीहरूको खुशीको सीमा रहेन । यसको विकासको लागि उत्तम ठहरिएका संस्थाहरूलाई सांस्कृतिक अनुदान पनि दिइयो । यसले गर्दा शास्त्रीय नृत्य,

लोक नृत्य, आधुनिक नृत्य, बाद्य नृत्य गीति नाट्य, नाटक आदिमा यसका ज्ञाताहरूले अनुसन्धान गर्दै विशेष ध्यान दिन थाले । नाटककारहरूले प्रोत्साहन पाए । बालकृष्ण सम, भीमनिधि तिवारी, गोविन्द गोठाले, हृदयचन्द्रसिंह प्रधान, विजय मल्ल, गोपालप्रसाद रिमाल, श्यामदास वैष्णव आदिका साथ नवीन नाटककारहरूले पनि समय समयमा नाटकहरू लेख्नै गए र समयसमयमा पत्रपत्रिकामा प्रकाशित गर्दै प्रदर्शन पनि गराउँदै लगे । यस समय नाच नाटकको प्रवाह यसरी बस्यो कि अधिराज्यको कुनाकाप्चामा ससाना उत्सवहरूमा पनि नाच, नाटकको प्रर्दशन गरिन थालियो । यसको प्रदर्शनमा होड चल्न थाल्यो ।

यसरी देशको कला संस्कृतिको विकासका लागि राजा र प्रजा मिली हरसम्भव प्रयास गरिरहेका बेलामा उर्लेको सांस्कृतिक लहरको वेग जनताले प्रयोग गरेको एकमात्र सिंहदरवार नाचघरले सम्हाल्न नसक्ने अवस्थामा पुग्यो । अनि अरु कतिपय असुविधाहरूले गर्दा नयाँ नाचघर तयार गर्नुपर्ने अनुभव गरियो । वि.सं. २०१७ साल पौष ११ गते नाचघर रूपी मन्दिरको जग हालियो । यस नाचघरको उद्घाटन कलाका संरक्षक तथा कलाप्रेमी महेन्द्रको बाहुलीबाट वि.सं. २०१७ साल कार्तिक २८ गते सम्पन्न भयो । नेपाली सर्वसाधारण जनताको लागि तयार भएको यो नाट्यशाला अधिराज्यमा सर्वप्रथम मानियो । स्वयम् राजाबाट नाट्यकलाको विकासको लागि बक्सेको उद्गारबाट कलाका पुजारीहरू पहिलेभन्दा बढि उमंग र उत्साह लिई यस नाट्यशालामा आफ्नो कार्यक्रम प्रस्तुत गर्न थाले ।

देशको रङ्गमञ्चीय कलाको विकास होस् भन्ने प्रवल इच्छाले यसै कलामा नेपाली सांस्कृतिक कार्यक्रमहरूमा सरकारी कर छुट गरियो र आजसम्म पनि त्यही नियम लागू छ । यसै समयमा विभिन्न रङ्गमञ्चहरू बने ति हुन् राष्ट्रिय नाचघर, आर्मी हेडक्वार्टसको रङ्गमञ्च, टुडिखेलको खुला रङ्गमञ्च, श्री ५ महेन्द्र पुलिस क्लवको रङ्गमञ्च, राष्ट्रिय सभागृहको रङ्गमञ्च, त्रिभुवन विश्वविद्यालयअन्तर्गत कीर्तिपुरमा स्थित रङ्गमञ्च, सांस्कृतिक संघको रङ्गमञ्च र प्रज्ञा-प्रतिष्ठानको

नाट्यशाला तयार भए । वीरगञ्जमा रङ्गमञ्च समेत समावेश गरिने सभागृहको जग हालियो । महेन्द्रबाट इन्द्र राज्यलक्ष्मी पुरस्कार, त्रिभुवन पुरस्कारहरूद्वारा नाटक अभिनय, नृत्यानिभय, गीत आदि क्षेत्रमा सम्मान गरियो । वि.सं. २०२६ सालदेखि कुलपति पद समेत जनसाधारणलाई दिइएको हुनाले नेपाली साहित्यिक विद्वान् तथा कलाकारहरूलाई ठूलो प्रोत्साहन मिल्यो ।

कलाप्रेमी स्व. महेन्द्रको स्वर्णिम शासनकालमा नेपालले आफ्नो साहित्य, संगीत, कलामा द्रुतगतिले विकास गऱ्यो । यसको फलस्वरूप हामीले आज उत्तम नाट्यशालाहरू, निर्देशकहरू र योग्य कलाकारहरू पाएका छौँ ।

# परिच्छेद - पाँच

# शोध निष्कर्ष

प्रस्तुत शोधपत्रका दोस्रो, तेस्रो, चौथो परिच्छेदमा प्रचण्ड मल्लको जिवनी व्यक्तित्वको सम्बन्धमा विस्तृत रूपमा विश्लेषण गरी सकियो । त्यस विश्लेषणबाट उनका जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा प्राप्त हुने निष्कर्षको उल्लेख यहाँ छ ।

## ५.१ जीवनी सम्बन्धी निष्कर्ष

प्रचण्ड मल्ल वि.सं. १९९६ साल असार महिनाको .. गते तराईको बारा जिल्ला कलैया बरेवामा जन्मिएका हुन् । उनले आई.ए. सम्मको अध्ययन गरी लामो समयदेखि नाट्य क्षेत्रमा जीवन बिताउँदै आएका छन् । उनी लगभग पाँचदशकदेखि नेपाली साहित्य र साहित्येतर क्षेत्रमा क्रियाशील रही आएका छन् । वि.सं. १९९६ सालदेखि हालसम्मको जीवनयात्रा लगभग सातदशक पुग्न लागेको देखिन्छ । तराईको साँस्कृतिक विविधताले सम्पन्न प्राकृतिक सुन्दरताले भरिपूर्ण बारा जिल्लाको मध्यमवर्गीय परिवारमा जन्मेका प्रचण्ड मल्लको बाल्यकाल सङ्घर्षपूर्ण थियो । डेढ वर्षको उमेरमा उनको आमाको मृत्यु भएपछि उनी आमाको न्यानो मायाबाट बञ्चित हुन पुगेका थिए । उनले आफ्नै कान्छी आमाको छहारीमा प्रारम्भिक शिक्षा शुरु गरी मल्लले वि.सं. २०१९ सालमा विद्यालय स्तरको शिक्षा पूरा गरे । उनी आई.कम. पढ्न त्रि-चन्द्रमा भर्ना भए तर आई.कम. पूरा नहुँदै उनी वि.सं. २०२३ सालमा तत्कालीन सोभियत संघमा नाटक निर्देशन तालिम गएका थिए । त्यसपछि उनी तालिम पूरा गरी वि.सं. २०२६ सलामा नेपाल फर्केका थिए । प्रचण्ड मल्लको विवाह वि.सं. २०२१ सालमा स्नेहलता राउत क्षेत्रीसँग भएको थियो ।

## ५.२ व्यक्तित्व सम्बन्धी निष्कर्ष

प्रचण्ड मल्ल बालयकालदेखि नै तीक्ष्ण वृद्धि भएका चतुर लगनशील विवेकी, मिलनसार व्यक्तिका रूपमा देखा पर्छन् । बाह्य रूपबाट हेर्दा गहुँगोरो वर्ण, रसिलो अनुहार ठूला तेजिला आँखा, होचो कद भएका शान्त र सौभ्य प्रकृतिका देखिन्छन् । यिनको बाह्य व्यक्तित्व जति उच्च छ, त्यसभन्दा बढी आन्तरिक व्यक्तित्व उच्च रहेको छ । उनी दयालु देखिन्छन् । साहित्यिक व्यक्तित्वले यिनलाई अरुमाथि उठाएको छ । नेपाली साहित्य क्षेत्रमा निरन्तर साधनारत प्रचण्ड स्रष्टा व्यक्तित्वका रूपमा चिनिएका छन् । उनको स्रष्टा व्यक्तित्व नाटक, एकाङ्की, अनुवाद, रङ्गमञ्च सम्बन्धी लेखनमा सक्रिय रहेको छ । त्यसैगरी साहित्येतर व्यक्तित्व पनि उच्च, नै रहेको पाइन्छ । मल्लमा रहेको सामाजिक सांस्कृतिक जागरणको भावना चिन्तनशील तथा अन्वेषणात्मक प्रवृत्तिले उनको स्रष्टा व्यक्तित्वलाई गति दिइरहेको पाइन्छ ।

## ५.३ कृतित्व सम्बन्धी निष्कर्ष

मल्लले विद्यार्थी जीवनदेखि नै लेखनकार्य शुरु गरेको देखिन्छ । यिनले विद्यार्थीकालमा लेखेको 'नृत्याभिनय' शीर्षक लेख गोरखापत्रमा प्रथम प्रकाशित रचना हो । लेख लेखेर रचना प्राकशन कार्य शुर गरेका कार्की हालसम्म नेपाली साहित्यिक कृति नीतवटा प्रकाशित भइसकेका छन् । नेपाली साहित्यिक कृतिहरूमा नेपाली रङ्गमञ्च (खोजपूर्ण, २०३६), तिलङ्गा (ऐतिहासिक लघुनाटक सङ्ग्रह, २०४५), तथागत, सिद्धार्थ गौतमको जीवनीमा आधारित (पूर्णाङ्की नाटक, २०६१) र डेढदर्जन जति फुटकर रचनाहरू विभिन्न पत्रिकामा प्रकाशित छन् ।

वि.सं. २०२६ सालमा मधुपर्क, पत्रिकामा प्रकाशित मनोवेदना एकाङ्की मल्लको पहिलो प्रामाणिक प्रकाशित रचना हो । उनले यसभन्दा अगाडि देखिनै साहित्य साधनातर्फ अग्रसर देखाएपनि वि.सं. २०२६ देखि मात्र उनका रचनाहरू प्रकाशनमा आउन थालेका हुन् । त्यसपछि उनी वि.सं. २०२६ सालदेखि नेपाल

राजकीय प्रज्ञा-प्रतिष्ठान संगीत नाट्य विभागमा नाटक तथा रङ्गमञ्च विशेषज्ञ पदमा आयुक्त भएका थिए । वि.सं. २०२३ सालदेखि नाट्य प्रमुख र रङ्गमञ्च प्रबन्धक पदमा नियुक्त भएको देखिन्छ । हाल उनी घरमै अध्ययन तथा विभिन्न लेखहरू लेखनमा तल्लीन रहेका छन् ।

प्रचण्ड मल्लको आर्थिक अवस्था सवल देखिन्छ । सानैदेखि सिर्जनामुखी प्रचिभा अंकरित हुन थालेको साथै सामाजिक चेतना पनि तीब्र हुँदै गएको देखिन्छ । उनले विभिन्न संघ संस्थामा रहेर समाज सेवा गरेका छन् । प्रचण्ड मल्लले वि.सं. २०१८ सालदेखि साहित्य आरधना प्रारम्भ गरेको देखिन्छ । किशोर अवस्थादेखि नै साहित्यिक क्षेत्रमा प्रवेश गरेका मल्ल साहित्यिक प्रतिभाका साथै लेखक प्रतिभा पनि हुन् । नेपाली साहित्यका नाटक, एकाङ्की अनुवाद आदि विधामा उनको कलम चलेको पाइन्छ । साहित्यका क्षेत्रमा उनका तीन वटा कृति प्रकाशित छन् । साथै उनका एक दर्जन जति फुटकर रचना प्रकाशित भइसकेका छन् । उनका फुटकर र लेखहरू दुई दर्जनभन्दा बढि प्रकाशित भइसकेका छन् ।

उनले विभिन्न देशहरूको भ्रमण गरेका छन् । उनी राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा सम्पन्न हुने विभिन्न सेमिनार, गोष्ठी, सम्मेलनमा सहभागी भएको पाइन्छ । उनी प्रवल गोरखा दक्षिणबाहु, सार्क शिखर पदक, प्रख्यात त्रिशक्तिपट्ट, इन्द्र राज्यलक्ष्मी प्रज्ञा पुरस्कार, सर्वनाम सम्मान जस्ता पुरस्कारले सम्मानित छन् ।

वि.सं. २०३६ सालमा प्रकाशित 'नेपाली रङ्गमञ्च' उनले रङ्गमञ्चको विकासलाई देखाउन खोजेका छन् । नेपालमा रङ्गगमञ्चको शुरुवात के कसरी भयो साथै लिच्छवी समयभन्दा पछाडिका मल्लकाल र हालसम्म रङ्गगमञ्चीय कलाको स्थान कस्तो छ भन्ने कुरालाई समेटेको पाइन्छ । त्यस्तै उनको अर्को कृति तिलङ्गा एकाङ्की सङ्ग्रह (२०४५) हो । उनको यो एकाङ्की सङ्ग्रहको लेखन गद्य शैलीको छ । यस एकाङ्कीमा नेपालको इतिहासमा नेपालीहरूले के कस्ता दुःख कष्ट सहेर आजको नेपालको संरचना तयार पारेका हुन् भन्ने कुरालाई प्रस्तुत गरेका छन् ।

साथै यसमा देशको त्यतिबेलाको राजनैतिक अवस्था, प्राकृतिक सुन्दरताको चित्रण, राष्ट्रियभावा, देशभक्ति, ग्रामीण परिवेश र मानवतावादी स्तरका भावनाहरू सरल शैलीमा प्रस्तुत गरेका छन् । यो सङ्ग्रह जीवनवादी दृष्टिकोण समाजसापेक्ष भावनाको चित्रण गरिएको सरल, सरस र सुन्दर एकाङ्कीसङ्ग्रह हो ।

प्रचण्ड मल्लको धरातल जीवन, समाज र राष्ट्रले भोगेको यथार्थ नै देखिन्छ । नेपालको ऐतिहासिक परिवेशमा मानवीय समस्यालाई आफ्ना रचनाका विषयवस्तु बनाउने प्रचण्डले यथासम्भव स्वभाविक रूपमा उतार्ने प्रयास गरेका छन् । साहित्य समाजका लागि लेखिनु पर्दछ भन्ने साहित्यकार मल्ल समाज, देश तथा राष्ट्रकै उन्नति र सुधारका लागि टेवा पुऱ्याउने खालका साहित्यिक र साहित्येतर लेख रचनाहरू सिर्जना गर्ने सर्जकका रूपमा चिनिन्छन् । उनले सिर्जिएका साहित्यिक रचनाहरूले नेपाल राष्ट्रको शासन प्रणाली, देशको आर्थिक अवस्था, सामाजिक राजनैतिक, आदिको वस्तुपरक चित्रण आफ्ना साहित्यिक रचाहरूमा गरेका छन् । उनका साहित्यिक रचनाहरूका विषय ऐतिहासिक धरातलमा आधारित भएर प्रकट भएका छन् । भाषाशैलीका दृष्टिले हेर्दा प्रचण्डका सबै रचनाहरू सरल, सरस, सहज र सुबोध्य छन् । कुनै पनि विषयलाई सरल, स्पष्ट र रोचक तथा आकर्षक भाषाशैलीमा प्रस्तुत गर्नु उनको शिल्पगत वैशिष्ठ्य हो । यी सम्पूर्ण कुराहरूलाई हेर्दा प्रचण्ड मल्ललाई एक सचेत साहित्यकारका रूपमा चिनाउन सकिन्छ ।

# सन्दर्भग्रन्थ सूची


गैरे, इश्वरीप्रसाद, **आधुनिक नेपाली नाटक,** काठमाडौँ, नेपालः न्यू हिरा बुक्स इन्टरप्राइजेज, २०५९ ।

घिमिरे, माधवप्रसाद, **नेपाली रंगमञ्चको भूमिका,** काठमाडौँ, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३७ ।

घिमिरे, माधवप्रसाद, **तिलङ्गा एकाङ्की सङ्ग्रहको भूमिका,** काठमाडौँ, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४५ ।

पाण्डे, दिपक, सगरमाथा एफ.एम. (२०६३) ।

भण्डारी, ढुण्डिराज, **तिलङ्गा एकाङ्की सङ्ग्रहको भूमिका,** काठमाडौँ, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४५ ।

मल्ल, प्रचण्ड, **तिलङ्गा,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३७ ।

_________ **नेपाली रङ्गमञ्च,** काठमाडौँ, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४५ ।

मल्ल, विजयबहादुर, **तिलङ्गा एकाङ्की सङ्ग्रहको भूमिका**, काठमाडौँ, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४५ ।

**अविरल**, “नाटक जीवनको अभिन्न अङ्ग हो”, वर्ष (१:४), २०५८ ।

**कामना,** “छपक्कै इतिहास”, २०६० ।

कोइराला, भरत रोशन पत्रिका (७:१,२०४६), **आफूलाई नाङ्गो पारेर मात्र सफल कलाकार होइदैन ।**

**गोरखा सैनिक आवाज,** “पाँच कुरा प्रचण्डका”, वर्ष (११:४), २०५९ ।

**जनमञ्च**, “रङ्गमञ्चमा समर्पित कलाकार प्रचण्ड मल्ल”, वर्ष (१६:१), २०४७।

**विमोचन,** “रङ्गकर्मीहरू जुर्मुराएर आएका छन्”, वर्ष (१६:१२), २०५४ ।

**मधुपर्क,** “रङ्गमञ्च कलाकारहरूको घर हो”, वर्ष (२९:९), २०५३ ।